# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७

## रामनगर गाउँपालिका
## सर्लाही




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय

# Office of the Auditor General

प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या : २०७६।७७
च.नं.२४५

मितिः २०७७/३/३१

श्री अध्यक्ष ज्यू,
रामनगर गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय, सर्लाही ।

**विषयः  लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४।७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट )
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ। प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन। त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यकम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन। स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो। लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु।

२०७७ आषाढ २४ गते।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६।०७७ मिति: २०७७।३।२५
च.नं १७२

श्री प्रमुख ज्यू,
रामनगर गाँउपालिका,
गाउँकार्यपालिकाको कार्यालय, सर्लाही ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले रामनगर गाँउपालिका, सर्लाहीको आर्थिक वर्ष २०७४।७५ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय ब्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।
हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७५ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७४।७५ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय ब्यय बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.१० करोड ४५ लाख ७० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु ९ लाख ६३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३ करोड ७९ लाख ७८ हजार, नियमित गर्नुपर्ने रु ९८ लाख १ हजार, पेश्की बाँकी रु.५ करोड ५८ लाख २८ हजार रहेको छ ।

३ लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।२।२८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना ३४(चौंतीस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँपालिका कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(विन्दु विष्ट)
नायब महालेखापरीक्षक

# रामनगर गाँउपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।०७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गरी र स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागीतामा आधारीत दिगो विकासको लाभ समतामुलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाँउपालीकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामुलक कार्यक्रमको माध्यमवाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु स्थानीय तहको मुख्य उदेश्य रहेको छ । प्रदेश नम्वर २ मा अवस्थित यो गाँउपालीका अर्न्तगत ७ वडा, ३९ सभा सदस्य, २६.४४ व.कि.मी.क्षेत्रफल, ४०१२८ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| cfotkm{ | | | Jootkm{ | | |
|---|---|---|---|---|---|
| l;=g= | laa/)f | /sd | l;=g+= | ljj/)f | /sd |
| 1 | **ut aif{sf] lhDd]jf/L** | | | | |
| | s_ gub | | 1 | **s_ k'+hLut vr{** | **89236119.45** |
| | v_ a}+s | 7931674.48 | 2 | **v_ rfn' vr{** | **87982751.54** |
| | **d'n vftf** | | 2 | **latLo ;dflgs/)f vr{** | |
| | **k'+hLut vftf** | | | s_ k'+hLut vr{ | |
| | **rfn' vftf** | | | v_ rfn' vr{ | |
| | **w/f}^L vftf** | | 3 | **cfGt/Ls /fh;\j vr{** | |
| | **ljkb Joj:yfkg vftf** | | | s_ k'+hLut vr{ | |
| | **स्रोतपतानलागेकोरकम** | | | v_ rfn' vr{ | |
| 2 | **/fhZj - cfGtl/s cfo _** | | | **ljlQo Joj:yf e'StfgL** | |
| | s_ cfGtl/s /fhZj | | | s_ C)f e'QmfgL | |
| | gub cfGtl/s /fhZj | | | v_ Jofh e'QmfgL | |
| | v_ /fhZj af+*kmf+* | | | u_ cGo e'StfgL | |
| | u_ cGo cfo | | 4 | **nufgL** | |
| | #_/hL;\^|]zg z'Ns k|fKt dfnkf]t | | | | |
| 3 | **lalQo x:tfGt/)f** | | | s_ C)f nufgL | |
| | s_ lalQo ;dfgLs/)f cg'bfg | **162589000** | | v_ z]o/ nufgL | |
| | v_ ;zt{ cg'bfg | **50412000** | | | |
| | प्रधानमन्त्रीरोजगारकार्यक्रम | | | प्रधानमन्त्रीरोजगारकार्यक्रम | |
| | ASWA-II | | | ASWA-II | |
| | u_ ;dk"/s cg'bfg | | 5 | w/f}^L lkmtf{ | |
| | #_ ljz]if cg'bfg | | 6 | ljkb Joj:yfkg sf]if vr{ | |
| 4 | **k|b]z ;/sf/af^ k|fKt cg'bfg** | | 7 | **प्रदेश सरकार** | |
| | s_ ljlQo ;dfgLs/)f cg'bfg | | | s_ ljlQo ;dfgLs/)f cg'bfg | |
| | v_ ;z{t cg'bfg | | | v_ ;z{t cg'bfg | |
| | u_ /fh:j jf*kmf* | | ८ | **df}Hbft** | |
| | # ;]jf k/fdz{ | | | s_ gub df}Hbfg | |
| | | | | v_ a}+s df}Hbft | 82315803.49 |
| | u_ ;dk'/s cg'bfg | | | **d'n vftf** | |
| | #_ ljz]if cg'bfg | | | **k'+hLut vftf** | |
| 5 | **cGt/ :yfgLo txaf^ k|fKt** | **38602000** | | **rfn' vftf** | |
| 6 | ljQLo Joj:yf k|fKtL | | | **w/f}^L vftf** | |
| 7 | ljleGg sf]iftkm{sf] cfo | | | /sd lkmtf{ | |
| 10 | w/f}^L cfo | | | | |
| 6 | **cGo lalaw cfo** | | | | |

| | | | | |
|---|---|---|---|---|
| hDdf | २५९५३४६७४ | | | २५९५३४६७४ |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>उल्लेखित कारोबारको समष्टिगत लेखापरीक्षण योजना, इकाइगत लेखापरीक्षण योजना, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुंचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने विद्यमान अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजना भित्र रही लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । स्रेस्ताको जोड जम्मा तर्फ कार्यालयले तयार गरेको आर्थिक विवरण र बैंक नगदी किताबको अन्तिम रकमलाई आधार लिइएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ ।</td><td></td></tr>
<tr><td>१.</td><td>लेखा स्रेस्ता : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा कार्यालयको विनियोजन, राजस्व, धरौटी जिन्सी र अन्य कारोबारको स्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र यसरी राखेको लेखा स्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले चेकजाँच गगर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरे तापनि जिन्सी खाता, बैक नगदी किताब, लेजर लगायत खाताहरु प्रमाणित नगरेको, खर्चको बिल भरपाई तेरिज बनाई जोडजम्मा गर्ने नगरेको, आम्दानी तर्फको म.ले.प.फा.नं.१०८ र २३ जस्ता खाता व्यस्थीत  नराखेको, एकभन्दा बढी कार्यक्रमका लागि एकैपटक पेश्की दिई काम गर्ने गराउने गरेको, समयमा पेश्की फछ्र्यौट गर्ने नगरेको आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम  २५ अनुसार भौतिक एवं. वित्तिय स्थिति देखिने गरी वार्षिक कार्यक्रको लक्ष्य प्रगति विवरण तयार नगरेको , बैक नगदी किताब जोडजम्मा गर्ने नगरेको, जस्ता व्यहोराहरु देखिएको छ । जसबाट कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली नियम ९५ अनुसार भएको र कार्यालय प्रमुखबाट नियमित चेकजाँच भएको छ भन्न सकिएन ।</td><td></td></tr>
<tr><td>२.</td><td>सफ्टबेयरको प्रयोगः- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सवै गाँउपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA)प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले सो अनुसार सफ्टवयेर प्रयोग गरेको देखिएन । तोकिएको सफ्टवयेर प्रयोगमा ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३.</td><td>बैक हिसावः गाँउपालिकाको स्रेस्ता हिसाव र बैक हिसाव रकम मासिक रुपमा एक आपसमा भिडाई हिसाव मिलान गर्नुपर्ने व्यवस्थन छ । गाँउपालिकाको यस बर्षको आम्दानी रु २५९५३४६७४/४८ र खर्च रु १७७२१८८७०/९९ बाँकी मौज्दात रु ८२३१५८०३/४९ रहेको छ । गाँउपालिकाले बैक हिसाव विवरण तयार नगेकोले निम्नानुसार फरक पर्नाको कारण पहिचान गरि हिसाव मिलान हुनु पर्दछ ।
<table>
<tr><td>१</td><td>स्थानिय संचितकोष</td><td>-</td><td>६,१६,५४५०३/४६</td><td rowspan="4">६८,५२,४३६/६२</td></tr>
<tr><td>२</td><td>पुजिगत खर्च खाता</td><td>८२३१५८०३/४९</td><td>२५६९७४८९/४६</td></tr>
<tr><td>३</td><td>चालु खर्च खाता</td><td></td><td>१,८१,६२४७/२१</td></tr>
<tr><td></td><td></td><td>जम्मा रु.</td><td>८,९१६८२४०/११</td></tr>
</table></td><td></td></tr>
<tr><td>४.</td><td>संघिय संचित कोष फिर्ताः संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.स.२०७४/७५ च.न.१०६४ मिति २०७५/३/२१ अनुसारको रकम मध्ये खर्च नभई बाँकी रहेका संघिय संचितकोषमा फिर्ता गर्नु पर्ने व्यवस्था छ । यस गाँउपालिकाले खर्च नभई बाँकी रहेको रकम आर्थिक बर्षको अन्तमा फ्रिज गर्नुपर्नेमा रु १०३७९१०२/१६मिति २०७५/१०/२३मा राजश्व शिर्षक नं.१५१११ भौचर नं.००६२६५७९ बाट अनुदान फिर्ता भएको छ । लेखापरिक्षण क्रममा परिक्षण गर्दा निम्नानुसार शिर्षक</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>वाट रु १०७३७७५८। फिर्ता हुनुपर्नेमा रु. १०३७९१०२/१६ मात्र निकासा फिर्ता भएकोले उक्त रकम संघिय संचित कोष फिर्ता हुनु पर्ने रु<br>

| ब.उ.सि.न. | कार्यक्कको नाम | निकासा रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| ८०१५३३३ | सशर्त अनुदान | ५०२१२००० | ४१९०५४८६/१० | ८३०६५१३/०६ |
| ३६५८१९३ | स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम | १०६०००० | ७७०८९० | २८९०९० |
| ३६५०१५३ | सामाजिक विकास कार्यक्रम | ३५५२०००० | ३३४४५००० | २०७५००० |
| ३६५८४५३ | गरिब संग विश्लेषण | ४२९००० | ३६१८४५ | ६७१५५ |
| | | | **जम्मा** | **१०७३७७५८/०६** |

</td><td>३,५८,६५६/-</td></tr>
<tr><td>५.</td><td>आयव्ययको सुनिश्चितता : लेखापरीक्षणको लागी प्रस्तुत भएको एकिकृत आयव्यय विवरणमा सशर्त अनुदान रकम रु.५,०४,१२,०००/-रहेकोमा कोष तथा लेखा नियन्त्रक कार्यालयवाट निकासा प्रमाणित आर्थिक विव्णमा उक्त खर्च शिर्षकमा निकासा रु.५,०२,१२,०००/-भएवाट एकिकृत आयव्ययमा रु २,००,०००/- ले आम्दानी वढी उल्लेख गरेकोले गाउँपालिकाले उक्त रकमको हिसाव मिलान गर्नु पर्ने रु</td><td>२,००,०००/-</td></tr>
<tr><td></td><td>कानूनको परिपालना</td><td></td></tr>
<tr><td>६.</td><td>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । चेकलिष्टको आधभारमा यस गाँउपालिकाको आन्तरिक नियन्त्रण व्यवस्थाको परीक्षण गर्दा निम्न बिषयमा प्रर्याप्त नियन्त्रण भएको देखिएन । उक्त बिषयमा गाँउपालिकाले नियन्त्रण एवं सुधार गरी आन्तरिक नियन्त्रण प्रणलीलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ ।<br>
<ul>
<li>मासिक र वार्षिक प्रतिवेदन तयार गरेको छैन,</li>
<li>बैंक समायोजन विवरण तयार गरेको छैन,</li>
<li>कार्य जिम्मेवारी र जवाफदेहिता स्पष्ट गरेको छैन,</li>
<li>परियोजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण भएको छैन,</li>
<li>आन्तरीक नियन्त्रण प्रणाली तयार नगरेको</li>
<li>अन्तिम चौमासिक र आषाढ महिनामा तोकिएको सीमाभन्दा बढी खर्च गरेको छ ।</li>
<li>नियमबिपरित उपभोक्ता समितिलाई अघिल्लो आ.बमा सँचालन गरिएको उल्लेख गरि योजनाको भुक्तानी गरेको</li>
<li>सार्वजनिक सुनुवाइ मार्फत बजेटले जनताको माग सुनुवाई भएको छैन,</li>
<li>योजना कार्यान्वयन तालिका निर्माण गरेको छैन,</li>
<li>निर्धारित समयमा निर्माण सम्पन्न भएको छैन,</li>
<li>बैकमार्फत सामाजिक सुरक्षा भत्ता बितरण गरको छैन ,</li>
<li>आयोजनाको भौतिक प्रगति सन्तोषजनक छैन,</li>
<li>अनुगमन प्रतिवेदन कार्यान्वयन गरेको छैन,</li>
<li>करको दायरा पहिचान भएको छैन,</li>
<li>उपभोक्ता समितिसँग गरिएको सम्झौता बमोजिम तोकिएको समयमा सम्पन्न नभएको तथा केही रनिङ बिलको रकममात्र यस बर्ष भुक्तानी भएको ले योजना अधुरो रहने गरेको छ,</li>
<li>योजना हस्तान्तरण तथा खर्चको सार्वजनिक परीक्षण भएको छैन,</li>
</ul></td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | • योजनागत कन्टिन्जेन्सी कट्टा गरी निकासा गर्ने र कट्टा गरेको कन्टिन्जेन्सीको खचको पारदर्शीता अनुसार खर्च गर्ने गरेको छैन,<br>• फोहोर मैलालाई स्रोतमा छुट्याई परिमाण कम गर्ने सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको छैन,<br>• जिम्मेवारीको सूची/कार्य विभाजन तोकिएको अनुरुप भएको छैन,<br>• कानूनी व्यवस्था विपरित कर्मचारी तथा पदाधिकारीलाई थप सुविधा दिएको देखियो<br>• राजस्बको श्रोतको पहिचान गरेको छैन ,<br>• प्रशासनिक खर्चको सीमा निर्धारण गरेको छैन,<br>• राजस्व सम्वन्धी कानून निर्माण गरेको छैन,<br>• अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण गरेको छैन,<br>• प्रयोग गर्न नसकिने र सेवा दिन नसक्ने सम्पत्तिको लिलामी र राफसाफ प्रक्रियागत भएको छैन ।<br>• राजस्वको रसिद नियन्त्रण खाता व्यबस्थीत नराखेको | |
| ७. | **कर्मचारी कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्न योगदानमा आधारित उपादान, औषधिउपचार, कर्मचारी कल्याण कोष लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्नु पर्ने व्यवस्था छ ।गाँउपालिकाले यस वर्ष कर्मचारी कल्याण खातामा कुनै प्रकारका रकम ल्याएको देखिएन । कर्मचारी व्यवस्थापनका लागि उचित कोषको व्यवस्था गरी कर्मचारीको उचित व्यवस्थापन हुने व्यवस्था गर्नुपर्दछ । | |
| ८. | **भवन नक्सा पास :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम गाँउपालिका क्षेत्रमा नक्सा पास नगराई घर निर्माण गर्न नपाइने व्यवस्था छ । गाँउपालिकामा यस वर्ष कुनै पनि भवन निर्माण अनुमति नदिएको गाँउपालिकाले पेश गरेको विवरणबाट देखिन्छ । गाँउपालिकाले क्षेत्र भित्र रहेको घरहरुको नक्साङ्कन गर्ने, नयाँ निर्माणाधीन भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहित गरी गाँउपालिकाको राजस्व बृद्धि गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ । | |
| ९. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाँउपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| १०. | **स्थानीय तथ्याङ्क र अभिलेख**ः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले स्थानीय तथ्याङ्क सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्याङ्कले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाँउपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| | **बित्तिय समानिकरण पुजिगत** | |
| ११. | **कन्टिन्जेन्सी खर्च :** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची -१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.०प्रतिशत र सानातिना अन्य खर्च २.० प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ । गाँउपालिकाबाट कन्टिन्जेन्सी खर्चको बिरबण माग गर्दा उपलब्ध हुन आएन । तसर्थ यस सम्बन्धमा यकिन हुन सकेन । पुजिगत खर्चबाट भ्रमण ईन्धन, कार्यालयसमान लगायतका खर्च लेखेकोमा कुन शिर्षकअन्तर्गत खर्च लेखेको हो कार्यालयले अभिलेख राखेको छैन । | |
| १२. | **रितपुर्बकको श्रेस्ता :-** आर्थिक कार्यबिधि नियमाबली २०६४ अनुसार खर्च लेख्दा सिलसिलेबार रुपमा | ५१,०३,०५२/- |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | गोश्बारा भौचर उठाई प्रमाणीत गरि खर्चको श्रेस्ता राख्नुपर्दछ । गाँउपालिकाले निम्नानुसारको खर्च लैख्दा कार्यालय प्रमुखबाट सदर नभएको गोश्बारा भौचर सँलग्न गरि खर्च लखेको छ । यसरी जिम्मेबार पदाधिकारीबाट प्रमाणीत नगरि लेखेको खर्च नियमित मान्न नसकिएको रु | |

| भौ.न. मिति | बिवरण | खर्च रकम रु |
|---|---|---|
| १-०७४/५/१३ | सडक ग्राभेल बड नं १० को भुत्तानी | २८०००० |
| २-७४/५/१५ | बडा नं १० को माघी महतोको घरदेखी श्याम बाक महतोको घरसम्म ढलान | ९५०६० |
| ३-०७४/५/१५ | बडा नं १० दरीद महतोको घरदेखी रामलाल महतोको घरसम्म ढलान | ९७००० |
| ७-०७४/५/१५ | रातह बितरण | ३१००० |
| ८-०७४/५/१५ | बडा नं ३ र ४ गा(पा चर्पि बितरण उ.स | ८७३००० |
| ९-०७४/५/१५ | बडा नं ४ ब्रम्हस्थान मर्मत | ८७३००० |
| १०-०७४/५/१५ | ईलाका प्रहरी कार्यालयलाई भुक्तानी | १५००० |
| २३-०७४/१/९ | बिबिध खर्च | १०००० |
| २५-०७४/११/१३ | कार्यालय सँचालन पेश्की | २५०००० |
| २६-०७४/११/१३ | कार्यालय सँचालन पेश्की | २५०००० |
| ३०-०७४/११/१३ | कार्यालय सँचालन पेश्की | २५०००० |
| ३१-०७४/११/१३ | कार्यालय सँचालन पेश्की | २५०००० |
| ३४-०७४/११/१६ | पुँजिगत सुधार | ४९८०० |
| ४७-०७४/१०/२ | औषधि उपचार | ५००० |
| ७९-०७४/१२/१४ | बडा नं ५ ट्वाईलेट सामाग्री खरिद | ४००११८ |
| ७८-०७४/१२/१४ | गा.पा अध्यक्ष्य पेश्की सोधभर्ना | ३१६६४८ |
| ७६-०७४/१२/२४ | ओडिएफ घोषणा बडा नं ५ | ४००११८ |
| ८१-०७४/१२/१८ | ओडिएफ ६ र ७ | ६५७३०८ |
| | जम्मा | ५१०३०५२/- |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| १३. | **जिन्सी व्यबस्थापनः-** आर्थिक कार्यबिधि नियमाबली २०६४ को नियम ४७(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नु पर्नेछ , नियम ५० मा को उपनियम (१) मा नियम ४६, ४७ र ४८ बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लेखि वा लिई राख्ने व्यवस्था गर्नु पर्नेछ । यसरी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँध्न छुट भएको कुनै मालसामान भेटिएमा मूल्य र विवरण खुलाई आम्दानी बाध्न लगाई त्यस्तो मालसामानको मर्मत सम्भार र संरक्षण गर्नु गराउनु पर्ने उल्ले्ख छ । नियमाबलीमा उल्लेख भए बमोजिम कार्यालयले यसबर्ष खरिद भएको तथा प्राप्त भएको जिन्सी सामानहरुको निरीक्षण गरि जिन्सी निरीक्षण प्रतिबदेन तयार पारेको छैन । जसबाट जिन्सी सामानको स्थितिबारे यकिन हुन सकिएन । जिन्सी निरीक्षण प्रतिबेदन तयार नगर्दा जिन्सी सामान हराउने, दुरुपयोग, टुटफुट हुने जस्ता समस्या हुने देखिन्छ । जिन्सी दाखिला गर्दा दाखिला प्रतिबेदन नं, खाता पाना नं स्पेसिफिकेशन, लागत मुल्य, दाखिला गर्नेको नाम , प्रमाणीत गर्नेको नाम तथा दस्तखत खुलाई दुरुस्त रुपमा जिन्सी आम्दानी बाँध्ने तथा कनै पनि कर्मचारीलाई जिन्सी सामान कार्यालय प्रयोजनार्थ उपलब्ध गराउँदा सहायक खातामार्फत अभिलेख राखी व्यबस्थित गर्नुपर्नेमा सो कार्य गरेको नपाइएकोले नियमाबलीमा व्यबस्था भए अनुसार जिन्सी व्यवस्थापन गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| १४. | **मालसामानको मर्मत तथा सँभार खर्च** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७ (१)मा सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत सम्भार गर्नु पर्ने भए सोको लिखित जानकारी त्यस्तो मालसामानको उपयोगकर्ताले सो निकायको प्रमुखलाई दिनु पर्नेछ । त्यसरी जानकारी प्राप्त भएपछि निजले नियम १३ को उपनियम (५) बमोजिम लागत अनुमान तयार गराई स्वीकृत गर्नु पर्ने व्यवस्था छ । गाँउपालिकाले मर्मत सँभार बापतको खर्च लेख्दा मर्मत आदेश बेगर लेख्ने गरेकोले | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>नियमाबलीको परीपालना भएन ।नियमाबलीको परिपालनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५.</td><td>खरिद कार्य व्यवस्थापन :- म.ले.प फा.नं ४०२ अनुसार कार्यालयले खरिद आदेश अनुसार अधिकार प्राप्त अधिकारीबाट स्विकृत गराएर मात्र खरिद कार्य गर्नूपर्नेमा सो अनुरुप खरिद कार्य नगरि केबल बिल भरपाई सँलग्न गरि खरिद कार्य गरेकोले खरिद कार्य व्यबस्थीत देखिएन । नियमकानूनको परिपालना गरेर मात्र खरिद कार्यको व्यबस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६.</td><td>स्थलगत निरीक्षण:-गाँउपालिकाले यसवर्ष सबै निर्माण कार्य उपभोक्तासमितबाट गराएको छ। गतबर्षका योजनाहरुको समयमै भुक्तानी नभएकोले यस बर्ष भुक्तानी गरिएको तथा यस बर्ष उपभोक्ता समितिसँग सम्झौता भएका योजनाको समेत केही रनिङ बिलको मात्र भुक्तानी यसबर्ष भएको श्रेस्ता परिक्षणबाट देखिन्छ। यसरी गरिएका निर्माण कार्यको अनुगमन स्थानिय सरकार संचालन ऐन २०७४को दफा ७८(३) अनुसार गाँउपालिकाको अध्यक्ष, प्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले गर्ने व्यबस्था छ। गाँउपालिकाले योजनाको भुक्तानी दिंदा अनुगमन गरेको प्रतिबेदन राख्ने गरेको पाइएन। तसर्थ योजनाको रनिङ बिल, कार्यसम्पन्न प्रतिबेदन सँलग्न बिल भरपाई अुनसार कार्य भएको भनि यकिन हुने आधरा भएन । सम्बन्धीत योजनाको कार्यान्वयनको पुष्ट्याइ गर्ने तस्वीर, अनुगमनका क्रममा देखिने त्रुटी सुधारको निर्देशन लगायतका बिबरणहरु नदेखिनाले बास्तबिक लागत अनुमान तथा उद्देश्य अनुरुप कार्यक्रम सँचालन भएको छ भन्न सकिएन। अत: कामको गुणस्तर कायम भए नभएको सम्बन्धमा प्राविधिक एवं अनुगमन कार्यलाई जिम्मेबार बनाई निर्माण कार्यको गुणस्तर कायम हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>१७.</td><td>भ्रमण अभिलेख एवं प्रतिबेदन: भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीहरुले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरि भ्रमण प्रतिबेदन साथ आबश्यक बिल भरपाई सम्बन्धीत कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । साथै नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कर्मचारी तथा पदाधिकारीले विभिन्न कार्यालयको काम उल्लेख गरि भ्रमण खर्च लेखेकोमा स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख व्यस्थीत राखेको छैन । यसबाट अनुगमन तथा मुल्याङ्कन कार्यक्रम प्रभाबकारी भयो भनि मुल्याङ्कन गर्न सक्ने आधार भएन । तसर्थ नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ। केही उदाहरणहरु:-
<table>
<tr><th>भौ.नं मिति</th><th>खर्च रकम रु</th></tr>
<tr><td>१३-०७४/८/३</td><td>५३८५७</td></tr>
<tr><td>१२-०७४/८/१</td><td>२१७००</td></tr>
<tr><td>७८-०७४/१२/१४</td><td>३०१९२७</td></tr>
<tr><td>१०९-०७५/१/१३</td><td>६१४५०</td></tr>
<tr><td>११७-०७४/१/२४</td><td>६९५०७</td></tr>
<tr><td>१३७-०७५/३/१</td><td>७००००</td></tr>
<tr><td>१३२-०७५/२/१</td><td>१२१८७५</td></tr>
<tr><td>१९५-०७५/२/२०</td><td>१४२८८०</td></tr>
<tr><td></td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>१८.</td><td>नापी किताब प्रबिष्टी एवं अभिलेख : निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढांचाको नापी किताब म.ले.प.फा.न. १७१ मा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यवस्था छ । गाँउपालिकाले तयार गरेको नापी कितावमा उक्त व्यहोरा उल्लेख</td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | नगरी कामको परिमाण र रकम मात्र उल्लेख गर्ने गरेको छ ।<br>गाँउपालिका कार्यालयले नापी सम्बन्धी अभिलेख नापी किताबमा राखेको भए तापनि अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिल अनुसार नापी किताब लुज सिट मा तयार गर्ने तथा निर्माण कार्यको चेनेज नखुलाई राख्ने गरेको पाईयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्था अनुसार २० वर्षसम्म आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न कठिन पर्ने तथा अघिल्लो रनिङ विलको रकम भुक्तानी गर्दा दोहोरीने सम्भाबना रहेन देखिन्छ । तसर्थ नापी किताब नियन्त्रण खाता म.ले.प.फा.नं. १७२ मा समेत अभिलेख राखी स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याइनुपर्ने तथा अनिबार्य रुपमा कुन ठाँउदेखी कुन ठाँउसम्म सडक तथा निर्माण कार्य गरेको हो स्पष्ट लेखी नापी किताब तयार गरि अभिलेख व्यबस्थापन गर्नुपर्दछ । | |
| १९. | **आयोजना हस्तान्तरण :** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेका कुनै पनि योजना ।आयोजनाहरु नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ । समपन्न आयोजनहरु हस्तान्तरण गर्नुपर्ने देखिन्छ । | |
| २०. | **आर्थिक सहायताः-** स्थानिय सरकार सँचालन ऐन २०७४ को दफा २४ मा गाँउपालिकाले पुजिगत शिर्षकबाट योजना बनाएर मात्र खर्च गर्नुपर्ने र यसरी योजना बनाँउदा गरिबी निबारण, उत्पादनमुलक रोजगारी सृजना,पुर्बाधार सुधार जस्ता कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ । पालिकाले पुजिगत शिर्षकबाट निम्नानुसार बिभिन्न बिरामीलाई सहायता, महोत्सब संचालन सहयोग जस्ता बितरणमुखि कार्यक्रममा सिधै आर्थिक सहायता दिने गरेको देखियो । यसबाट पुजिगत बजेट न्युन हुनुका साथै जे पर्दा पनि पालिकाले सहायता दिन्छ भनि माग गर्ने प्रचलन बढ्न जाने हुदा यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २१. | **उपभोक्ता समिति दर्ता** – संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संझौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाई बजेटपरेको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुंदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्रमार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ । | |
| २२. | **सामाजिक/सार्बजनिक परीक्षण तथा सुनुबाईः-** स्थानीय सरकार सँचालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एवं दक्षतापूर्बक सँचालन गर्न अनुगमन एबं सार्वजनिक एबं सामाजिक परीक्षण तथा सुनुबाई जस्ता कार्यक्रम सँचालन गर्नुपर्ने उल्लेख छ । गाँउपालिकाले संचालित केही योजनाहरुको अनुगमन गर्ने कार्य गरेतापनि केही योजनाको मात्र सार्वजनिक एबं सामाजिक परीक्षण कार्य संचालन गरेको देखियो । सबै योजनाको अनुगमन, सामाजिक तथा सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई को व्यबस्था गरी बित्तीय पारदर्शिता र जबाफ देहिताको पालना गर्नुपर्दछ । | |
| २३. | **लक्ष प्रगति** :आर्थिक कार्यबिधि नियमाबली २०६४ को नियम २५ अनुसार बजेट तथा कार्यक्रम गर्ने प्रत्येक कार्यालयले अनुसुची २ को ढाँचामा चौमासिक प्रगति बिबरण तयार गर्नुपर्ने र नियम २६ | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | बमोजीम तालुक निकायले त्यस्तो भौतिक तथा बित्तिय प्रगतिको समिक्षा गरि प्रगति कम हुनुका कारण पहिचान गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले उपरोक्त व्यबस्था अनुसार आफुले गरेको बार्षिक कार्यक्रमको प्रगति बिबरण तयार गरेको देखिएन । प्रगति बिबरण तयार नभएबाट समग्र कामको मूल्याँकन हुन सक्ने देखिएन । नियमाबलीको व्यबस्था अनुसार प्रगति बिबरण तयार गरि सम्पन्न कामको मूल्याँकन गर्ने व्यबस्था गर्नुपर्ने देखिन्छ । | |
| २४. | **डोर हाजिरः** गाँउपालिकाले तोकीएको फारम प्रयोग गर्दा फारममा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्नुपर्दछ । गाँउपालिकासँग भएको सम्झौता अनुसारको बिल भरपाई पेश गर्दा उपभोक्ता समितिलेडोर हाजिरमा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्ने गरेको पाइएन । फारममा हाजिर राख्नेको नाम लगायतको विवरण समेत खुलाउने गरेको छैन । फारमको भाग-३ मा रहेको जिन्सी सामान प्रयोग विवरण लगायत काम गरेका नापीको यथार्थ विवरण भरेको देखिएन । यसबाट सम्पन्न निर्माण कार्यमा भएको जिन्सी सामानको खपत तथा कामदारको विवरण अनुसार निर्माण खर्च विश्लेषण गर्न सक्ने अवस्था देखिएन । सम्बन्धीत कामदारले नै डोरहाजीरिमा हाजिर नगरिक केबल हा,हा उल्लेख भएको तथा डोरहाजीरी फारम समेत प्रमाणीत नभएकोले  नर्म्स अनुसार जिन्सी सामान खपत र ज्याला खर्च भएको हो होइन ऐकिन हुनसक्ने अवस्था नदेखिंदा निर्माण कार्य भए नभएको समेत यकिन हुन सक्ने आधार नदेखिएकोले फारममा उल्लेखित सम्पूर्ण विवरणहरु तयार गरी खर्चको यथार्थता हुनेगरी डोर हाजिर फारम तयार हुने व्यवस्था गर्नेतर्फ प्राविधिक तथा उपभोक्ताको ध्यान जान जरुरी देखिएको छ ।प्राविधिक नर्म्स अनुसार सामाग्री विवरण र श्रम गणना गरी लागत अनुमानका साथ सामाग्री विवरण समेत उपलव्धता गराई निर्माण कार्यमा सुधार हुनुपर्दछ । | |
| २५. | **निर्माण कार्यको लगतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७  उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा गाँउपालिकाले यस वर्ष  सँचालन गरेको कार्यहरुको लगत तयार गरेको छैन । गाँउपालिकाले गत बर्षको योजनाको यस बर्ष भुक्तानी गर्ने गरेको, यस बर्षको केही योजनाको रनिङ बिल मात्र यस बर्ष भुक्तानी गरेको र बाँकी भुक्तानी नगरेको अबस्था , तथा कार्यसम्पन्न भएको योजनाहरुको पनि बिभिन्न मितिमा रनिङ बिल मार्फत भुक्तानी गरेको छ । यसरी भुक्तानी गर्दा अघिल्लो आर्थिक बर्ष वा बिलमा कति भुक्तानी भयो सोको बिबरण खुल्ने गरि लगत तयार गरि वास्तबिक रुपमा भुत्तानी हुने रकम मात्र भुत्तानी गर्नुपर्दछ । गाँउपालिकाले योजना निर्माण कार्यको लगत  तयार गर्ने गरेको छैन । यसरी बिबरण तयार नगरि भुत्तानी गर्दा दोहोरो भुत्तानी हुने , परिमाण दोहोरिन पुग्ने लगायतको  जोखिम हुने देखिन्छ । योजनाको लागत अनुमान, उपभोत्ताको श्रमदान प्रतिशत, लागत बिष्लेशण , भुक्तानी भएका रनिङ बिलहरुको बिबरण, भुक्तानी भएको मिति सहितको गोश्बारा भौचर  सहित छुट्टै फाईल खडा गरि  योजनाको बिबरण अद्यावधिक  गरि राख्नु अति जरुरी देखिन्छ । | |
| २६. | **मेसिनको प्रयोगः-** सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट निर्माण बा सँचालित हुने निर्माण कार्यमा एक्जाभेटर, डोजर, लोडर जस्ता मेसिनरी उपकरण प्रयोग गर्न नसकिने तर लागत अनुमान तयार गर्दा नै जटिल प्रकृतिको काम भएको हुँदा मेसिन  प्रयोग  गर्नुपर्ने भनि प्राबिधिकबाट सिफारीस भई आएकोमा मेसिन प्रयोग गर्न सकिने उल्लेख छ । गाँउपालीकाले केही ग्राभेल, माटो पुर्ने कार्य  तथा सडक निर्माणमा मेसिनबाट काम गराउने भनि लागत अनुमान तयार गरि उपभोक्ता समितिबाट मेसिन प्रयोग गरि काम गराएको देखियो । तर प्राबिधिकबाट मेसिनरि प्रयोगको लागी सिफारीस को प्रमाण श्रेस्तासाथ सँलग्न भएको देखिएन । त्यसमा गाँउपालिकाले ध्यान दिनुपर्दछ । | |
| २७. | **उपभोक्तासँग सम्झौताः-**सार्बजनिक खरिद नियमाबली २०६४ को ९७उपनियम (२) बमोजिमको प्रस्ताव वा निवेदन प्राप्त भएपछि सम्बन्धित सार्वजनिक निकाय र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायले आवश्यकतानुसार छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा खरिद सम्झौता गर्नु पर्नेछ । त्यस्तो सम्झौतामा देहायको कुराहरू उल्लेख गर्नु पर्नेछः निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्ने वा | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | व्यहोर्नु पर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नु पर्ने अवधि हुनुपर्ने उल्लेख छ । गाँउपालीकाले उपभोक्ता समितिसँगको योजनाको बिलभरपाई राखि खर्च लेख्दा सम्झौता उपभोक्ता समिति गठनको लागी प्रस्ताब आब्हान तथा सुचना, निबेदन, सदस्यहरुको सँयोजन , सम्झौता मिति, योगदान, सम्पन्न गर्नुपर्ने मिति, गाँउपालीको बजेट तथा उपभोत्ता समितिको जनश्रमदानको बिवरण बारेमा उल्लेख नगरि केबल रनिङ बिल तथा बिलभरपाईहरु सँलग्न गरि खर्च लेखेको छ । जसबाट उल्लेखित कुराहरु प्रति यकिन हुन सक्ने अवस्था भएन । नियमकानुनको परिपालना हुनुपर्दछ । | |
| २८. | **वार्षिक खरिद योजना/ गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नपर्ने नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस गांउपालिकाले वित्तीय समानीकरण अन्तर्गत वार्षिक रु ८,९२,३६,११९।४५ को पूँजीगत खर्च/खरिद कार्य गरेको छ । तर पालिकाले आफ्नो खारिद ऐन नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको छ । अतः यस गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/ गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| २९. | **वजेट पारित :-** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारित गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाको सुरुको गांउपालिकामा मिति २०७५। । गतेको गांउ सभाबाट आर्थिक बर्षको योजना तथा कार्यक्रम र आयव्ययको बिबरण सभामा पेश गरी पारित गरेको पाइयो । तथा मिति २०७५।१२।१६ मा गाँउसभाको बैठक बसि कार्यक्रमको हेरफेर गरेको पाईयो । अतःस्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम तोकिएको समयमा बजेट तथा कार्यक्रम पारित गराई लागू गरिनु पर्दछ । | |
| ३०. | **उपभोक्ता समिति छनौट -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्रही समुदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौता बाहेक संझौता पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असरपर्ने हुँदा उपभोक्ता समिति वा लाभग्रही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ । | |
| ३१. | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो अनुसार दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयार गरेको पाइएन । | |
| ३२. | **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले सम्झौता गरेका योजना तथा आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयबाट सम्झौता तथा खरिद गरिएका  योजना, मेसिनरी औजारहरुको भुक्तानी गर्दा सम्पूर्ण सार्वजनिक निर्माण कार्यमा  गुणस्तर परीक्षण गरी गुणस्तर आश्वस्थता कायम गर्नु पर्दछ । | |
| ३३. | **वजेट तथा कार्यक्रम तर्जूमाः-** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जूमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ ।गाउँपालिका कार्यक्रमको दोहोरोपना हुन नदिन आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यबस्था गरेको देखिएन । | |
| ३४. | **लागत अनुमान र दर बिष्लेषण** सार्वजनिक खरिद नियमाबली २०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने व्यबस्था रहेको र उपनियम २ मा उक्त लागत अनुमान तयार गर्दा प्रयोग गरिने नर्म्स सम्बन्धी व्यबस्था रहको छ । गाँउपालिकाले सँचालन र भुक्तानी गरेका आ.ब. २०७३।०७४ र २०७४।०७५ को सम्झौताको दर बिष्लेषण माग गर्दा सम्बन्धीत प्राबिधिक तथा दर बिष्लेशषको बिबरण उपलब्ध हुन सकेन । जिल्लाको अन्य स्थानिय निकायको दररेटसँग भिडान गर्नको लागी ढुवानी दुरी (Lead distance) ले फरक पर्ने हुनाले दररेट तुलना गर्ने आधार भएन ।  तसर्थ गाँउपालिकाले सम्झौता गरि भुक्तानी गरेको दररेट नै बास्तबिक हो भनि यकिन गर्ने आधार भएन । केही योजनाको आईटममा घनमीटरमा लागत अनुमान तयार गरिएको र भुक्तानी गर्दा क्युबिक मिटर ईकाईको प्रयोग गरिएको छ । गाँउपालिकाले सम्झौता तथा भुक्तानी गरेका योजनाहरुको  केही आईटमहरुको दररेट देहाय अनुसार रहेका छन :- | |

| आईटम | ईकाई | दर |
|---|---|---|
| E/W filling in OS by transportation ddpincluding excavation of material load unload and spreading | cum | ३२२ |
| sand mix gravel transportation to site and stocking work | cum | १८५३.७५ |
| 1st class brick work  (1:4) | cum | ११८४३ |
| pcc work 1:2;4 | cum | १०९३३.७१ |
| sisaw woodwork for chaukhat frame | cum | १८१७३३.८८ |
| Rcc hume pipe 120 cm dai np3 class | nos | ३९९७५ |

| | | |
|---|---|---|
| ३४.१. | गाँउपालिकाले उपभोत्ता समितिसँग  सम्झौता गरि निर्माण कार्यको बिल भरपाई पेश गर्दा  दर बिष्लेशण तथा  रनिड बिल अनुसार बिल भरपाईहरु समाबेश गर्नुपर्नेमा  यति ट्याकर रोडा ,ढुँगा, बालुबा खरिद,  लेबर डोरहाजिरी फारम तथा सामान खरिदको बिल सँलग्न गरि बिल भरपाई पेश हुने गरेको पाईयो । यसरी एकमुष्ठ रुपमा बिल भरपाई पेश गर्दा बास्तबिक दर बिष्लेषण अनुसार बिल भरपाई पेश भयो भनि यकिन गर्ने आधार भएन  तथा सम्बन्धीत प्राबिधिकले श्रम तथा सामाग्रीको परिणाम बिष्लेषण अनुसार नै बिल भरपाई पेश भएको छ , छैन यकिन गरेको देखिएन । गाँउपालिकाले लागत अनुमान तयार गरि निर्माण कार्य गराउदा कामको परिमाण अनुसारको बिल भरपाईहरु बास्तबिक रुपमा पेश भए नभएको यकिन गर्नुपर्दछ । | |
| ३५. | **योजनाहरुको सिफारिस र भुक्तानी प्रकृयाः-** स्थानिय सरकार सँचालन ऐन २०७४ को दफा (क) मा अध्यक्ष वा प्रमुखको काम कर्तव्य र अधिकार तथा दफा ८४(२) मा प्रमुख प्रशासकिय अधिकृतको काम कर्तव्य र अधिकारको व्यबस्था  र ८४(२) को बुँदा नं ट मा प्रमुख प्रशासकीय अधिकृतकले सार्बजनिक खरिद योजना तयार गरि खरिद सम्बन्धी कार्य गर्ने गराउने व्यबस्था छ । जसअनुसार योजना रनिङ बिल, नापी किताव, कार्यसम्पन्न प्रतिबेदन लगायतको बिबरण तथा भुक्तानी सिफारिस प्रमुख प्रशासकीय अधिकृतले गर्नुपर्नेमा गाँउपालिकाको अध्यक्षको तोकआदेशमा योजनाहरुको भुक्तानी हुने गरेको पाईयो । | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>ऐन कानुनको परिधिभित्र रही काम कर्तव्य र अधिकारको व्याख्या अनुरुप कार्य गर्नु गराउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३६.</td><td>आर्थिक सहायताः- स्थानिय सरकार सँचालन ऐन २०७४ को दफा २४ मा नगरपालिकाले पुजिगत शिर्षकबाट योजना बनाएर मात्र खर्च गर्नुपर्ने र यसरी योजना बनाँउदा गरिबी निबारण, उत्पादनमुलक रोजगारी सृजना,पुर्बाधार सुधार जस्ता कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ । गाँउपालिकाले पुजिगत शिर्षकबाट निम्नानुसार बिभिन्न बिरामीलाई सहायता, महोत्सब संचालन सहयोग जस्ता बितरणमुखि कार्यक्रममा सिधै आर्थिक सहायता दिने गरेको देखियो । यसबाट पुजिगत बजेट न्युन हुनुका साथै जे पर्दा पनि पालिकाले सहायता दिन्छ भनि माग गर्ने प्रचलन बढ्न जाने हुदा यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३७.</td><td>योजनाको खर्च बिल भरपाई – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट संचालित निम्न योजनाहरुको खर्चको बिल भरपाई श्रेस्तासाथ सँलग्न भएको पाइएन । तसर्थ नियमको प्रावधान बमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी बनाउनेतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिएको रु
<table>
<tr><th>भौ.नं मिति</th><th>योजनको नाम</th><th>मुल्याँकन रकम</th><th>सँलग्न बिल भरपाई</th><th>नपुग बिल भरपाई</th></tr>
<tr><td>८०-०७४/१२/१४</td><td>प्रहरी चौकी कम्पाउण्डबाल निर्माण</td><td>११५४२२४</td><td>८३१०४१</td><td>३२३१८३</td></tr>
<tr><td>१०४-०७५/१/१२</td><td>रामप्रतापको घरदेखी छरकी टोलसम्म माटो तथा ग्राभेल</td><td>६४२०८४</td><td>०.००</td><td>६४२०८४</td></tr>
<tr><td>११२-०७५/१/१३</td><td>बाटो मर्मत ग्राभेल</td><td>२८०९१२</td><td>०</td><td>२८०९१२</td></tr>
<tr><td>१२३-०७५/१/२४</td><td>प्रहरी चौकी खैर्बा निर्माण</td><td>२९९४६५</td><td>०</td><td>२९९४६५</td></tr>
<tr><td>१२४-०७५/१/२४</td><td>जमुनालालको घरदेखी महादेब स्थानसम्म ग्राभेल</td><td>३७८४१३</td><td>०</td><td>३७८४१३</td></tr>
<tr><td>१५४-०७५/२/१०</td><td>जगदीश सहनीको घरदेखी पक्की ढलान</td><td>१०३२२१८</td><td>०</td><td>१०३२२१८</td></tr>
<tr><td>१७०-०७५/२/१४</td><td>सहलेस मन्दिर निर्माण बडा नं १</td><td>२१५५०४</td><td>१२७२९५</td><td>८८२०९</td></tr>
<tr><td>१७४-०७२/२/१८</td><td>बडा नं १ धर्मशाला निर्माण</td><td>३६७२०१</td><td>०</td><td>३६७२०१</td></tr>
<tr><td>१९२-०७५/२/४</td><td>बडा नं १ रिङ बितरण</td><td>१०६३९८७</td><td>०</td><td>१०६३९८७</td></tr>
<tr><td>२१५-०७५/३/५</td><td>बडान ं १ कल्भर्ट निर्माण</td><td>८३९२५२</td><td>०</td><td>८३९२५२</td></tr>
<tr><td>१९९-०७५/२/३०</td><td>बडा न) २ प्रा.बि धुर्बाको कम्पाउण्डबाल निर्माण</td><td>५४५३६८</td><td>२०४३५०</td><td>३४१०१८</td></tr>
<tr><td>२०२-०७५/३/३०</td><td>बडा नं ३ कल्भर्ट निर्माण</td><td>९८५८३६</td><td>१०३५००</td><td>८८२३३६</td></tr>
<tr><td>२०५-०७५/२/३०</td><td>बडा नं १ ग्राभेल तथा माटो कार्य</td><td>२५०२३४</td><td>०</td><td>२५०२३४</td></tr>
<tr><td>२०६-०७५/२/३०</td><td>भगबती मन्दिरको कम्पाउण्डबाल निर्माण</td><td>२५८६८७</td><td>६९०००</td><td>१८९६८७</td></tr>
<tr><td>२३१-०७५/३/८</td><td>राजेन्द्र मास्टरको घरदेखि पुरानो बाटोसम्म ग्राभेल</td><td>३८७५६४</td><td>१५४८००</td><td>२३२७६४</td></tr>
<tr><td>२३३-७५/३/८</td><td>उच्च मा.बि स्कुलको बाटो अगाडी माटो ग्राभेल</td><td>१४५६७५</td><td>०</td><td>१४५६७५</td></tr>
<tr><td>२६१-०७५/२/२६</td><td>बडानं ६ को अधुरो धर्मशाला निर्माण</td><td>३७०५८४</td><td>३३३५२८</td><td>३७०५६</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>७३,९३,६९४/-</td></tr>
</table></td><td>७३,९३,६९४/-</td></tr>
<tr><td>३८.</td><td>गैर सरकारी संस्थाबाट कार्यः- सार्बजनिक खरिद नियमाबली २०६४ को नियम १९ मा सार्बजनिक निकायले कुनै पनि खदिर गर्दा मु.अ.करमा दर्ता भएको संग मात्र गर्नुपर्ने व्यबस्था छ साथै नियम ९९ (१) मा ऐनको दफा ४६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको</td><td>७४,००,०००/-</td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने, ९९(२)मा सार्वजनिक निकायले दश लाख रुपैयाँसम्मको काम गराउनको लागि त्यस्तो काम गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तीमा पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नु पर्ने र उपनियम ८ मा यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दश लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको काम गराउनको लागि नियम ७० बमोजिम खुला रुपमा आशयपत्र माग गरी परामर्श सेवा खरिदको प्रक्रिया अवलम्बन गर्नु पर्ने व्यबस्था छ । गाँउपालिकाले निम्नानुसारको गैर सरकारी सँस्थाहरुबाट कार्य गराउँदा प्रतिस्पर्धा बेगर सोझै खरिद गरि कार्य गराएको छ । नियमानुसार कार्य गरि सँस्थाहरुबाट बिजक जारी गरि भुक्तानी गर्नुपर्नेमा सो अनुरुप नगरेको नियमित नदेखिएको रु
<table>
<tr><th>भौ.नं मिति</th><th>बिवरण</th><th>सँस्थाको नाम</th><th>रकम रु</th></tr>
<tr><td>२८३-०७५/३/२८</td><td>लक्षीत समुह कार्यक्रम बडा नं १,२,३,४,५</td><td>सुनौलो सिसोट नेपाल</td><td>४५००००००</td></tr>
<tr><td>३१२-०७५/३/३२</td><td>लक्षीत बर्ग कार्यक्रम बडा नं ७</td><td>जिल्ला लघु उद्यमी समुह</td><td>१५०००००</td></tr>
<tr><td>३१३-०७५/३/३२</td><td>लक्षीत बर्ग कार्यक्रम बडा नं ६</td><td>जिल्ला लघु उद्यमी समुह</td><td>१४०००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>७४,००,०००/-</td></tr>
</table></td><td></td></tr>
<tr><td>३९.</td><td>सुरक्षाकर्मी खर्चः- १२१।०७५।१।२४प्रदेश राजपत्र २ मा स्थानिय निकायका पदाधिकारीहरुले पाउने सेवासुबिधाका बारेमा उल्लेख छ । जसअनुसार गाँउपालिका प्रमुखले सुरक्षाकर्मी राखी खर्च लेख्नमिल्ने देखिँदैन । गाँउपालिका प्रमुखको सुरक्षा बापत २ जनाको भरपाई सँलग्न गरि रु २०००० खर्च लेखेको देखियो । ऐन कानुनमाा व्यवस्था गरेर मात्र उक्त खर्च लेख्नुपर्नैमा ध्यान दिनुपर्ने देखिएको रु</td><td>२०,०००/-</td></tr>
<tr><td>४०.</td><td>बिल भरपाईः- आर्थिक कार्यबिधि नियमाबली २०६४ को नियम ३६(३ बमोजिम खर्च लेख्दा रित पुगे नपुगेको चेकजाँच गरेर मात्र भुक्तानी दिनपर्ने व्यबस्था छ ।</td><td></td></tr>
<tr><td>४०.१.</td><td>९३।०७४।१२।२७ बडा सचिब बडा नं ३ र ४ को रामआज्ञा बैठालाई ईन्धन भ्रमण खर्च बापत भुक्तानी गर्दा बिल अनुसार रु २३२२०।- मात्र भुक्तानी गर्नुपर्नेमा रु२९६६५। भुक्तानी गरेकोले बढि भुक्तानी असुल गर्नुपर्ने रु</td><td>६४४५/-</td></tr>
<tr><td>४०.२.</td><td>निम्नानुसारको कार्यमा बिल भरपाई तथा प्रमाण कागजात सँलग्न नगरि खर्च लेखेकोले आबश्यक प्रमाण पेश हुनुपर्ने रु
<table>
<tr><th>भौ.नं मिति</th><th>खर्च बिवरण</th><th>कैफियत</th><th>रकम</th></tr>
<tr><td>४-०७५/५/१५</td><td>साबिक बहुअर्बा बडा नं २ र ३ मा ब्रम्हस्थानमा नाला मर्मत तथा मन्दिर निर्माण तथा</td><td>नापी किताब सँलग्न नभएको</td><td>६७९०००</td></tr>
<tr><td>५-०७४/४/१५</td><td>राहत सामाग्री बितरण</td><td>खरिद बिल तथा प्रयोजन नभएको</td><td>२०५००</td></tr>
<tr><td>६-०७४/५/२८</td><td>राकेश कुमारशाहलाई भुत्तानी</td><td>प्रयोजन नखुलेको</td><td>३३४७५</td></tr>
<tr><td>८-०७४/५/२८</td><td></td><td>गोश्बारा भौचर श्रेस्तासाथ नभएको</td><td>८६२५००</td></tr>
<tr><td>७-०७४/५/२८</td><td>राहत बितरण</td><td>गोश्बारा भौचर मात्र भएको</td><td>३११००</td></tr>
<tr><td>९-</td><td>बडा नं ४ ब्रम्हस्थान भगबति निर्माण</td><td>रनिङ बिल सँलग्न नभएको</td><td>८७३०००</td></tr>
<tr><td>४२-०७४/११/१७</td><td>बडा नं ६ माा ग्राभेलिङ मर्मत</td><td>नापी रनिङ बिल लई नभएको</td><td>११४५००</td></tr>
<tr><td>४५-०७४.११/३०</td><td>बडा न. ५ खुल्ला दिशामुक्त घोषण कार्यक्रम</td><td>पाउनेको भरपाई तथा अनुगमन प्रतिबेदन नभएको</td><td>१४१९५४७</td></tr>
<tr><td>६४क ०७४/१२/१४</td><td>ब्रम्हपुरी हैल्थ रिसर्च सेन्टरलाई लाई शिबिर सँलचालन गरेबापत खाजाखाना खर्च भुत्तानी</td><td>कार्यक्रम शिबिर सँचालन भएको जनाउने प्रमाण श्रेस्तासाथ नभएको</td><td>५५०००</td></tr>
<tr><td>६७--०७४/१२/४</td><td>ब्रम्हपुरी हैल्थ रिसर्च सेन्टरलाई लाई शिबिर सँलचालन गरेबापत औषधि खर्च भुत्तःानी</td><td>कार्यक्रम शिबिर सँचालन भएको जनाउने प्रमाण श्रेस्तासाथ नभएको</td><td>११५७५९८</td></tr>
</table></td><td>७१,३४,८४७/-</td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>९१-०७५/१२/२७</td><td>मनुस्मारा झोलुगेपुल निर्माण</td><td>नापी लागत अनुमान बेगर निबेदनको आधरमा भुक्तानी</td><td>३९९३८३</td></tr>
<tr><td>९५-०७४/१२/२९</td><td>घरभाडा</td><td>सम्झौता तथा भुक्तानीको आधार पेश नभएको</td><td>१५५००</td></tr>
<tr><td>९७-०७४/१२/३०</td><td>बडा नं १ ओडिएफ घोषणा</td><td>सामान खरिदको बिल तथा बितरण भरपाई नभएको</td><td>५१२१८६</td></tr>
<tr><td>१११-०७५/१/१३</td><td>तलब भुक्तानी</td><td>गोश्बारा भौचर मात्र सँलग्न भएको</td><td>७६११७</td></tr>
<tr><td>१३७-०७५/१/३०</td><td>कार्यालय सँचालन खर्च बडा नं ७ रामआज्ञा बैठा</td><td>गोश्बारा भौचर मात्र सँलग्न भएको</td><td>३८३७३</td></tr>
<tr><td>१४०-०७५/२/१</td><td>गाडीभाडा खर्च</td><td>प्रयोजन र बुझिलिनेको बिबरण सँलग्न नभएको</td><td>६०५१२</td></tr>
<tr><td>१९३-०७५/२/२७</td><td>मेसिनरी औजार बापत भुत्तानी</td><td>सुसान्त ईन्टरप्राईजेजको फोटोकपी बिल सँलग्न भएको</td><td>४६५५६</td></tr>
<tr><td>१७५-०७५/२/१</td><td>रिङ बितरण बडा नं ५</td><td>धमिराले खाएकोले श्रेस्ता नबुझिएको</td><td>७४००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>७१३४८४७/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४१.</td><td>खुल्ला दिशामुक्त कार्यक्रमः- खुल्ला दिशामुक्त कार्यक्रमको लागी गाँउपालिकाले यसबर्ष निम्नानुसार बजेट कार्यक्रम स्विकृत गरेको छ । शौचालय सामाग्री बितरण र ढुबानी भाडा जसअनुसार देखिएका व्यहोराहरु यसप्रकार छन ।
<table>
<tr><td>बडा न)</td><td>शौचालय निर्माण</td><td>खुल्ला दिशामुक्त क्षेत्र घोषण कार्यक्रम</td></tr>
<tr><td>१</td><td>३००००००</td><td>३०००००</td></tr>
<tr><td>२</td><td>३०००००</td><td>०</td></tr>
<tr><td>३</td><td>२०५००००</td><td>५५००००</td></tr>
<tr><td>४</td><td>२३०००००</td><td>३०००००</td></tr>
<tr><td>५</td><td>२२०००००</td><td>३०००००</td></tr>
<tr><td>७</td><td>३०००००</td><td>०</td></tr>
<tr><td>गा.पा अध्यक्षको प्रस्ताबित वडा न) ५</td><td>५०००००</td><td>०</td></tr>
<tr><td>गा.पा उपाध्यक्षको प्रस्ताबित</td><td>१२०००००</td><td>०</td></tr>
<tr><td></td><td>१,१८,५०,०००/-</td><td>१४,५०,०००/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४१.१.</td><td>८।०७४।५।१५ बडा नं ३ र ४ मा १२४ जनालाई ट्बाईलेट सामाग्री बितरण गर्नको लागी उपभोक्ता समितिसँग सम्झौता गरिएकोमा अर्चना सहकारी पसलको १२० थान रु ४८३२ को दरको रु ५७९८४० को बिल तथा ५ थान रु १८६५५ को दरको रु ९३२७५ को बिल सँलग्न गरि कुल ६७३११५ को बिल मात्र सँलग्न भएको पाईयो । प्राबिधिकबाट रु ९५८३३३ को मुल्याँकन भएकोमा मुल्याकन अनुसारको बिल भरपाई पेश नभएकोले पेश हुनुपर्ने रु</td><td>३,७८,४९३/-</td></tr>
<tr><td>४१.२.</td><td>४९।०७४।१२।२ बडा नं १ मा १६५ जना लाभग्राहीलाई ट्बाईलेट रिङ, ढकन, एच डि पाईप, बेण्ड, प्यान उपलब्ध गराउनको लागी लागत अनुमान तयार गरि उपभोक्ता समितिसँग सम्झौता गरिएकोमा १३२ जनालाई मात्र बितरण गरिएको भरपाई श्रेस्तासाथ सँलग्न रहेको देखियो । नबिन सिमेन्ट तथा टायल उद्योगको रु १७२१६ को दरले १६ थान रिङ तथा ढक्कन खरिदको बिल, तथा रु २२५०० को ढुबानी भरपाई सहित रु २९७९५६। को बिल भरपाई श्रेस्तासाथ सँलग्न रहको पाईयो । प्राबिधिकबाट १६५ जनालाई बितरण गरेको मुल्याँकन रकम रु १११७८२६ मा जनश्रमदान कट्टि गरि रु १००६०४४ भुक्तानी गरिएकोमा मुल्याक्न अनुसारको बिल भरपाई सँलग्न नभएको रु</td><td>८,१९,८७०/-</td></tr>
<tr><td>४१.३.</td><td>५५।०७४।१२।१७ बडा नं २ को ट्वाईलेट बितरणको दोश्रो रनिङ बिलमा साबिक खैर्बा गा.बि.स.को ७,८,९ मा ४४ थान बितरण गरेको उल्लेख गरेकोमा निविन सिमेन्ट तथा टायल उद्योगको रिङ खरिदको मिति नखुलेको रु १५३५५ को ११ थान रु १६८९०५ बिल सँलग्न गरि २८५५२७- प्राबिधिक मुल्याँकनको जनश्रमदान कट्टि गरि रु २५६९७५। भुक्तानी भएकोमा प्यान, पाईप,एल्बो र टि खरिदको बिल सँलग्न नगरि भुक्तानी गरेकोले प्रमाण पेश गर्नुपर्ने रु</td><td>१,१६,६२२/-</td></tr>
<tr><td>४१.४.</td><td>५६।०७४।१२।४ बडा नं २ साबिक खैर्बा गा.बि.स बडा नं ९ अन्तर्गत दोश्रो रनिङ बिलको रु ६७८०४९।- भुक्तानीमा प्राबिधिक मुल्याँकन अनुसार ९४ जनालाई भरपाई गराई सामाग्री बितरण</td><td>३,००,९८८/-</td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | गरिएकोमा सामाग्री खरिदको रु १८८७००। र ढुवानी बापत रु २६३७००।- समेत रु ४५२४००।- को बिल भरपाई सँलग्न गरेकोमा कार्यमुल्याकन रु ६५३३८८।- अनुसार बिल भरपाई नपुग रु | |
| ४१.५. | १३६।०७५।१।३०,२३८,०७५।३।३६ बडा नं ४ अन्तर्गत ३६० जनाको लागी ट्बाईलेट सामाग्री बितरण गर्न रु २५६०९३४ को लागत अनुमान तयार गरिएकोमा भौ.नं १३६ बाट नन्दनी ई को रु ६३९६९६ को प्यान र एल्बो पाईपको खरिद बिल,जयकालिमा रिङ उद्योगको (१३७२९।५० * ५८ थान )रु ७९६३११। बिल, र ढुवानी बापतको रु २६१०० समेत रु १४६२१०७ र भौ.नं २६८ बाट मिति उल्लेख नभएको जय काली मा रिङ उद्योगको ( १३७२९।५० * ३२ थान ) र रँजित हार्डबेयरको रु २८७१८५।५५ समेत रु ७६२५१३। गरि दुबै गोश्बारा भौचरमा कुल रु २१८८६२१ को बिल पेश भएको छ। प्राबिधिकबाट तयार भएको कार्यसम्पन्न प्रतिबेदन रु २५४४४८३।२० को तयार भएकोले उक्त प्रतिबेदन अनुसार बिल भरपाई नपुग रु | ३,५५,८६३/- |
| ४१.६. | २४४।०७५।३।१७ बडा नं ३ अन्तर्गत रनिङ बिलबाट रिङ तथा ट्वाईलेट सामाग्री बितरणको लागी रु ६१२७०५।६७ को कार्य मुल्याँकन भएकोमा बिल भरपाई सँलग्न नगरि भुक्तानी गरेकोले बिल भरपाई पेश गर्नुपर्ने रु | ६१२७०५/६७ |
| ४१.७. | २४२।०७५।३।१३ मिति २०७५।२।५ गते बडा नं १ देखी ४ सम्म खुल्ला दिशामुक्त क्षेत्र घोषणा गरेकोमा एर्क दिन सँचालित कार्यक्रममा बिभिन्न बिल भरपाईहरु सँलग्न गरि गाँउपालिकाले रु १२०००००।- खर्च लेखेको छ। बिभिन्न आपुर्तक तथा व्यवसायीबाट चादर गम्छा, फेन्सी सुटिङ सटिङ ४८५२५०, बिबिध कागजपत्र व्यानर र टेन्टबापत रु २५९८९६।, खाजाबापत रु ३००० जना उपस्थित भएको उल्लेख गरि रु १०० को दरले रु ३०००००।- र खानाबापत ५०० जनालाई रु ३०० को दरले १५०००० को भरपाई सँलग्न गरि कुल खर्च रु १२०००००।- लेखेकोमा ३ जना बडा अध्यक्षहरुको पेश्की रु २०००००।- कट्टि गरि रु ९७५०००।- सोधभर्ना खर्च लेखेको छ। यसरी खर्च गरेकोमा कार्यक्रमको लागत अनुमान तयारी गरेको पाईएन। साथै कार्यक्रम सम्पन्न पश्चात पेश गरेको बिल भरपाईसाथ कार्यक्रमको पुष्ट्याईएको रुपमा फोटो, उपस्थितिहरुको बिबरण, कार्यक्रमको प्रतिबेदन लगायतको बिबरणहरु उल्लेख गरिएको देखिएन। कार्यक्रम सँचालनको लागी लागत अनुमान तयारी, उपलब्धी सहितको प्रतिबेदन, खर्चको पर्याप्त पुष्टाई हुने कागजात सँलग्न सहित कार्यक्रमको अनुगन तथा यर्थार्थ खर्चका यकिन गरि श्रेस्ता राख्नेतर्फ तथा कुन नर्म्स निर्देशिकाबाट गर्ने कार्य भयो सो सम्बन्धमा गाँउपालिकाले प्रष्ट पार्नुपर्ने देखिएको रु | १२,००,०००/- |
| ४१.८. | ८६।०७४।१२।२६ बडा नं ५ अन्तर्गत ओ.डि.एफ घोषणको लागी मिति २०७४।१२।२५ मा ४५० जनाको लागी खाजा नास्ताको लगायतको रु ३००००० को बिल सँलग्न गरि खर्च लेखेकोमा बिल भरपाईसाथ कार्यक्रमको पुष्ट्याईएको रुपमा फोटो, उपस्थितिहरुको बिबरण, कार्यक्रमको प्रतिबेदन लगायतको बिबरणहरु उल्लेख गरिएको देखिएन। कार्यक्रम सँचालनको लागी लागत अनुमान तयारी, उपलब्धी सहितको प्रतिबेदन, खर्चको पर्याप्त पुष्टाई हुने कागजात सँलग्न सहित कार्यक्रमको अनुगन तथा यर्थार्थ खर्चका यकिन गरि श्रेस्ता राख्नेतर्फ गाँउपालिकाले ध्यान दिनुपर्दछ। | |
| ४१.९. | खुल्ला दिशामुक्त प्रयोजनको लागी यस बर्ष गाँउपालिकाले खर्च गरेकोमा श्रोतसाधनको खर्च गरे अनुसार लाभग्राहीहरुले शौचालय निर्माण गरे नगरेको , कार्यक्रमको प्रभाबकारिताबारे जनमानसमा परेको सकारात्मक प्रभाब, स्वास्थ्य क्षेत्रमा परेको सकारात्मक असर तथा सुधार्नुपर्ने कदमबारेको बिष्लेषण गरेको छैन। तसर्थ उक्त श्रोतसाधनको खर्चको प्रभाबकारी प्रयोग भयो भनि बिश्बस्त हुने आधार देखिँदैन। | |
| ४२. | **गतबर्षको योजनाहरुको भुक्तानीः–** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७ को नियम ९७ को उपनियम ३ (क) अनुसार उपभोक्ता समितिले सम्झौतामा निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोंने वा व्यहोर्नु पर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नु पर्ने अवधि लगायतका कुराहरु उल्लेख गर्नुपर्ने तथा नियमाबलीको दफा १२ मा खरिद सम्झौताको अबधि ऐनको दफा ५६ बमोजिम थप गर्न सकिने व्यबस्था छ जसअनुसार ठेक्का | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | प्रकृयाबाट सम्झौता भएका योजनामा मात्र म्याद थप गर्न मिल्ने देखिन्छ । गाँउपालिकाले आ.ब२०७४।०७५ को योजनाहरुको सम्झौता तथा सँचालन गरि भुक्तानी गर्नुपर्नेमा आ.ब. २०७३।०७४ को योजनाहरुको समेत य यस आ.ब.मा  भुक्तानी गरेको पाईयो ।  उक्त योजनाहरुको भुक्तानीसाथ सम्झौता तथा सम्पन्न गर्नुपर्ने अबधि सँलग्न  नगरि तथा कार्यसम्पन्न प्रतिबेदनमा समेत मिति उल्लेख नगरि भुक्तानी गरको पाईयो । उपभोक्ता समितिबाट सँचालन हुने योजनाहरु समयमै सम्झौता गरि सम्पन्न गनुपर्नेमा गत आर्थिक बर्ष  (२०७३।०७४) को अन्तमा आएर सम्झौता भएका योजनाहरुमा न्युन अबधिको म्याद दिएर मात्र दिएर सम्झौता गरिएको पाईयो । यसरी न्युन समयाबधी दिएर योजना सम्झौता गर्ने तथा अर्को आ.ब.मा ( २०७४।०७५) आएर भुक्तानी दिने पक्षलाई जिम्मेबार बनाउनुपर्दछ । उपभोक्ता समितिलाई क्रमगत रुपमा  योजनागत लगत नराखी गतबर्षको भुक्तानी गर्दा एकातर्फ दोहोरो भुक्तानी हुनसक्ने देखिन्छ भने अर्कोतर्फ सम्बन्धीत आ.ब.को स्विकृत कार्यक्रम अनुसार भुक्तानी हुनपर्ने  बजेट अभाब हुने देखिन्छ ।  योजना सम्झौता गर्दा गाँउपालिकाले प्रथम चौमासिकमै हुने गरि तथा कार्यसम्पन्न बर्षात अघी नै हुने गरि गराउनुपर्दछ  । यसरी गत आर्थिक बर्षमै सम्झौता अनुसार सम्पन्न गर्नुपर्नै योजनाहरुको भुक्तानी यस आ.ब.मा कार्यसम्पन्नको मिति समेत उल्लेख नगरि भुक्तानी गरेको नियमसम्मत देखिएन । | |

| भौ.नं मिति | योजनाको नाम | बडा नं | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | लागत अनुमान | गतबर्षको रनिङ बिल | यस आ.ब.को रनिङ बिल | यस आ.ब.को भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| २-०७४/५/१५ | महतोको घरदेखी श्याम बाबु महतोको घरसम्म ग्राभेल | १० | नखुलेको | नखुलेको | ११०२९३ | ० | ११२६३७ | ९५०६० |
| १-०४/५/१५ | रैकल गाँउभित्र मुल सडक मर्मत | १० | नखुलेको | नखुलेको | ३१०४८३ | ० | ३४६९९९ | २८०००० |
| ३-०७४/५/१५ | दोरीक महतोको घरदेखी रामटहल महतोको घरसम्म ग्राभेल | १० | नखुलेको | नखुलेको | १११०७९ | ० | ११३०६२ | ९७००० |
| ८-०७४/५/१५ | शौचालय समाग्री बितरण बिरतण कार्यक्रम | ३,४ | २०७३/१०/२३ | २०७४/४/२४ | ९१३०९६ | ० | ९१३०९६ | ८७३००० |
| ९-०७४/५/१५ | ब्रम्हस्थान भगबती मन्दिर निर्माण | ४ | २०७३/१०/२३ | २०७४/४/२४ | ९५१२४० | ० | ९९३३०२ | ८७३००० |
| ४१-०७४/११/१६ | हनुमान ज्योति युबा क्लब निर्माण | ४ | २०७३/११/१२ | २०७३/३/१५ | १८०१५८ | ० | १७५३१० | १५०००० |
| ४२-०७४/११/१७ | बडा नं १ ठाउठाउमा माटो भर्ने कार्य | १ | नखुलेको | नखुलेको | नखुलेको | ० | | २००००० |
| ५७-०७४/१२/५ | पुलिस चौकी निर्माण सिसौट | ६ | २०७३/११/१७ | २०७४/३/१५ | ५४४३४९ | २२०४२२ | ३२३९२६ | २००००० |
| | | | | | | | जम्मा | २७,६८,०६०/- |

| | | |
|---|---|---|
| ४३. | **आनुपातिक कट्टि :** १४५।०७५।२।४सर्वाजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिले गर्नुपर्ने योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग विल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायवाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिलाई ह्युम पाईप तथा कल्भर्ट निर्माण कार्यको लागी रु ५४००७८ को लागत अनुमान तयार गरि १० प्रतिशत उपभोक्ता समितिबाट व्यर्होने गरि सम्झौता भएकोमा कार्यसम्पन्न अँक ५०१२४९।७० को ९० प्रतिशत रु ४५११२४।७९ भुक्तानी हुनुपर्नेमा रु ५०१२४९ भुक्तानी भएकोले  बढि भुक्तानी असुल गरि दाखिला गर्नुपर्ने रु | ५०,१२४/२० |
| ४४. | **निजी श्रोतका शिक्षकको तलब :-**  स्थानिय सरकार सँचालन ऐन २०७४ को दफा ११(ज) को २ मा गाँउपालीकाले सामुदायीक बिद्यालय स्थापन , अनुमति व्यबस्थापन, सँचालन,  नियमन गर्न सक्ने  तथा सामुदायीक बिद्यालयका शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान गर्नसक्ने उल्लेख छ। गाँउपालीकाले आफु मातहत रहेका बिद्यालय, बिद्यार्थी र शिक्षकको दरबन्दी स्वीकृत गरको देखिएन  तथा सो सम्बन्धी ऐन कानुन बनाएको देखिएन । गा.पा.ले भौ.नं १७२,०७५।२।१६ र सामुदायीक प्रा.बि रामनगर २०७४ | २,३७,५००/- |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>श्राबण देखी पुस सम्म रु १२५०००।- र भौ.नं ९८,०७५।१।१० बाट हिरमत प्रा.बि.को शिक्षकको तलब रु ११२५००।- उल्लेख गरि निजी श्रोतको शिक्षक बापतको तलब भुक्तानी गरेको देखियो । यसरी लेखेको खर्चको आधार नदेखिएको रु</td><td></td></tr>
<tr><td>४५.</td><td>डोजर र एक्साभेटर भाडा दरमा विविधता : एउटा जिल्ला भित्र प्रयोग हुने डोजर एक्साभेटरको भाडा जिल्ला दररेटमा उल्लेख भएकोमा सोही अनुसार र नभएमा स्थानीय तहले जिल्ला भर समान दररेट कायम गरी सो अनुसार कार्य हुनुपर्दछ । उपभोक्ताले डोजर एक्साभेटर संग सम्झौता नगरी इन्धन बाहेकको र एकमुष्ट दरमा भाडामा लिई कार्य गराएको देखियो । पालिकाले डोजर एक्साभेटर भाडामा एकरुपता ल्याउन आवश्यक निर्णय गरी उपभोक्ताले मनोमानी भाडा सम्झौता गरी काम गरेको देखाई विल पेश गर्ने परीपाटीमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४५.१.</td><td>बढि दरले भुक्तानी:- मुल्य अभिबृद्धी कर नियमाबली अनुसार मु.अ.कर भुत्तानी गर्दा मु.अ.करमा दर्ता भएको कर बिजक अनिबार्य रुपमा जारी गर्नुपर्नै व्यवस्था छ । नमुना छनौट अनुसार परिक्षण गर्दा गाँउपालिकाले निम्नानुसार योजनाको भुक्तानी गर्दा earth cutting by excavator को लागी जिल्ला दररेट अनुसार रु १०० प्रतिघनमिटर राखी दररेट निर्धारण गर्नुपर्नेमा बढि दरले भुक्तानी गरेकोले निम्नानुसार असुल हुनुपर्ने रु
<table>
<tr><th>भौं.न मिति</th><th>योजना</th><th>परिमाण</th><th>भुक्तानी दर</th><th>बढि भुक्तानी दर</th><th>बढि भुक्तानी रकम रु</th></tr>
<tr><td>२२६-०७५/३/८</td><td>प्रा.बि माटो पुर्ने कार्य</td><td>३६७६</td><td>११३.३७</td><td>१३.३७</td><td>४९१४८</td></tr>
<tr><td>२४८-०७५/३/२०</td><td>हुलाकी रोडदेखी पुर्व जाने बाटो मर्मत</td><td>१७६१</td><td>१८९.४५</td><td>८९.४५</td><td>१५७५२१.४५</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>२०६६६९.४५</td></tr>
</table></td><td>२,०६,६६९/४५</td></tr>
<tr><td>४६.</td><td>उपभोक्ताबाट जटिल निर्माण कार्य:-सार्बजनिक खरिद नियमालबी २०६४ को नियम ९७(६)माउपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा सब कन्ट्राक्टरबाट गराउन नसकिने व्यबस्था छ। गाँउपालीकाले बिभिन्न निर्माण कार्यमा जटिल प्रकृति तथा बृहद बिष्लेषण गर्नुपर्ने कार्यसमेत उपभोक्ता समितिबाट गराएको छ। तसर्थ यस्तो जटिल कार्य उपभोक्ता समितिबाट नगराई निर्माण स्थलको प्राबिधिक परिक्षण समेत गरि दिगो रुपमा उपयोग हुने गरि निर्माण गराउनुपर्ने देखिएको रु
<table>
<tr><th>भौ.नं मिति</th><th>योजनाको नाम</th><th>अद्याबधिक कार्य</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१९४-०७५/२/२७</td><td>बडा नं ६ बिभिन्न ठाँउमा बिद्युतिकरण</td><td>१४८६०३</td><td>१३३०००</td></tr>
<tr><td>२११-०७५/३/५</td><td>बडा नं ६ बिभिन्न ठाँउमा बिद्युतिकरण</td><td>२१८७५५</td><td>२०६८३३</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>३,३९,८३३/-</td></tr>
</table></td><td>३,३९,८३३/-</td></tr>
<tr><td>४७.</td><td>कार्यसम्पन्न प्रतिबेदन:- सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७(११) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरीसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कूल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्नेछ । सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान, सुपरिवेक्षण र कार्यसम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नु पर्ने व्यबस्था छ । गाँउपालिकाले निम्नानुसारको योजनाहरुको भुक्तानी गरेकोमा कार्यसम्पन्न प्रतिबेदन तयार गरेको पाईएन । नियमाबलीको परिपालना अनुसार कार्यसम्पन्न प्रतिबेदन तयार पार्नुपर्ने रु</td><td>१४,८८,६४१/३८</td></tr>
<tr><td></td><td><table>
<tr><th>भौ.नं मिति</th><th>योजनाको नाम</th><th>लागत अनुमान</th><th>हालसम्मको अद्याबधिक बिल रकम</th></tr>
<tr><td>५७-०७४/१२/५</td><td>अधुरो प्रहरी चौकी निर्माण</td><td>५४४३४९.३८</td><td>५४४३४९.३८</td></tr>
</table></td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | |
|---|---|---|---|
| १५२-०७५/२/९ | रामबाबु रायको घरदेखी मोहीतको घरसम्म ढलान | २२१५२१ | २२१६३० |
| १९०-०७५/२/२४ | रिड बितरण बडा नं ४ | | ७२२६६२ |
| | | जम्मा | १४,८८,६४१/३८ |

**४८.** **मर्मत खर्चको भुक्तानीः-** गाँउपालिकाले मर्मत, निर्माण बापतको रकम खर्च लेख्दा प्राबिधिक ईस्टीमेट, मुल्याँकन लगायतको बिबरण सँलग्न गरेर मात्र खर्च लेख्नुपर्दछ । निम्नानुसार बिभिन्न ठाउमा बाटो मर्मत गरेको भनि बिभिन्न व्यक्तिहरुले माग गरेको निवेदनको आधारमा अनुगमन बेगर नै रकम खर्च लेखेको छ । यसरी लेखेको खर्च तथा श्रोतको सदुपयोग भएको छ भनि यकिन गर्ने आधार भएन । गाँउपालिकाले स्थलगत अनुगमन समेत गरि यदी आबश्यक देखिएमा मात्र भुक्तानी गर्नुपर्नैमा केबल काम गरेको भनि निबेदनकले दिएको पत्र मात्रको आधारमा भुक्तानी गरेको छ। तसर्थ अनुगमन मुल्याकन बेगर लेखेको खर्चमा नियन्त्रण गनुपर्ने देखिएको रु — **२,९४,३००/-**

| भौ.न. मिति | निबेदक | निबेदनको विषय बिबरण | बडा नं | खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|
| ११-०७४/५/१५ | चन्दन यादव | खैर्वा बजारमा माटो खसालेको | १ | १०५०० | निबेदन मात्र सँलग्न |
| १६-०७४/११/९ | राजमँगल राय | खैर्वा मा सार्बजनिक बाटो पुरेको | ३ | २०००० | निबेदन मात्र सँलग्न |
| ८-०७४/११/९ | अभिनन्दन सहनी | महादेब टोलको बाटो पुरेको | ११ | १०००० | निबेदन मात्र सँलग्न |
| १९-०७४/११/९ | राजमँगल राय | बडा नं १ मा बिभिन्न खाडल पुरेको | ३ | १०००० | निबेदन मात्र सँलग्न |
| २०-०७४/११/९ | उपेन्द्र शाह | ललन रायको घरदेखी मुलसडक बाटो पुरेको | ६ | १०००० | निबेदन मात्र सँलग्न |
| २१-०७४/११/९ | महारन चौधरी | ठाँउ ठाँउ माटो पुरेको | १ | १०००० | निबेदन मात्र सँलग्न |
| २२-०७४/११/९ | रामईश्वर राय | ,, | ६ | १०००० | निबेदन मात्र सँलग्न |
| २३-०७४/११/९ | बिरन राय | रमाकान्त चौधरीको घरदेखी बाटो पुरको | ६ | १०००० | भरपाईं निबेदन सँलग्न |
| २७-०७४/११/१३ | जगतारण देबी | कुशहर चौधरीको घरदेखी माटो पुरेको | १ | १०००० | भरपाईं निबेदन सँलग्न |
| ३४-०७४/११/१६ | नन्दन प्रशासद यादब | बिभिन्न ठाँउमा ईटा पुरेको | ५ | ४९८०० | भरपाईं निबेदन सँलग्न |
| ३८-०७४/११/१६ | राजमँगल राय | सार्बजनिक बाटो पुरेको | १ | १०००० | भरपाईं निबेदन सँलग्न |
| ४०-०७४/११/१६ | अभिनन्दन सहनी | ,, | ११ | १०००० | निबेदन, भरपाई सँलग्न |
| ५४-०७४/१२/५ | सोनफी ठाकुर लोहार | पठानको घरनजिक बाटो मर्मत | ३ | १०००० | निबेदन, भरपाई सँलग्न |
| ५८-०७४/१२/५ | बिरेन्द्र ठाकुर लोहार | जुबेर खाँ पैठानको घरदेखी मर्मत | ६ | १०००० | निबेदन, भरपाई सँलग्न |
| ६२-०७४/१२/१४ | ताँकीर खाँ | ईस्लाम खाँको घरनजिक माटो पुर्ने कार्य | ७ | १०००० | निबेदन, भरपाई सँलग्न |
| ६३-०७४/१२/१४ | रामईश्वरी सहनी | बडा नं ३ को बिभिन्न ठाँउमा खाडल पुरेको | ३ | १०००० | निबेदन, भरपाई सँलग्न |
| ८८-०७४/१२/२६ | बिकाउ रामानन्द बैठा | बडा नं ४ को खाडल पुरेको | ४ | २०००० | निबेदन, भरपाई सँलग्न |
| १०६-०७५/१/१३ | अरबिन्द ठाकुर | बडा नं ८ मा खाडल पुरेको | ८ | ४००० | निबेदन, भरपाई सँलग्न |
| १३४-०७५/१/३० | धनुकी राय , आनन्दी राय यादव | बडा न ६को नहरमाटो पुरेको | ६ | २०००० | निबेदन, भरपाई सँलग्न |
| २२२-०७५/३/६ | महेन्द्र पासबान बिश्वनाथ श्रीवास्तब | बिन्द्रा रायको घरदेखी अरबिन्द्र कु को घरमा बाटो मर्मत | १ | २०००० | निबेदन, भरपाई सँलग्न |
| २२३-०७५/३/६ | राजिब कुमार श्रीवास्तब बिद्यानन्द राय | खैर्बाको बाटो पुरेको | १ | २०००० | निबेदन, भरपाई सँलग्न |
| | | | जम्मा | २,९४,३००/- | |

**४९.** **मोबाइल खरिद :** ३१४।०७५।३।२२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायत्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुनेर र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले जनप्रतिनिधिहरु तथा कर्मचारीको लागी उल्लेख गरि रु ५५८८७९।-को २१ थान मोबाईल खरिद गरि बितरण गरेको देखियो । निजी प्रयोग समेत हुने यस्ता मोवाइल खरिद गर्न नहुनेमा तथा प्रदेश कानुनमा समेत व्यबस्था नभएकोमा स्पेसिफिकेशन अनुसार जिन्सी दाखिला समेत नगरि २१ थान मोबाईल खरिद गरी बितरण गरेकोले नेपाल सरकारलाई थप व्ययभार परेको छ । तसर्थ त्यस्तो खर्चमा नियन्त्रण गर्नुपर्नै रु — **५,५८,८७९/-**

**५०.** **सोझै खरिदः** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

पारी खरीद गर्न नमिल्ने, साथै नियम ८४ मा रू.५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रद्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आफ्नो मौज्दात समेत बिचार गरि वार्षिक खरिद योजना बनाई खरिद कार्य गर्नुपर्नेमा सोको पालना गरेको छैन । कार्यालयले यस वर्ष आबश्यक पर्ने बिबिध सामानहरु खरिदमा सिलबन्दि दरभाउ पत्र तथा प्याकेज तयार गरि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने देखिएकोमा सोझै खरिद विधिबाट खरिद गरि भुक्तानी गरेको देखियो । एकै पटक खरिद गरी प्रतिस्पर्धात्मक मूल्यमा वस्तु प्राप्त गरीनूपर्नेमा लागत अनुमान र स्पेशिफिकेशन वेगर पटक पटक सामान खरिद हुदाँ गुणस्तरिय र प्रतिस्पर्धी मूल्यमा सामान प्राप्त भयो भन्न सक्ने अवस्था नरहने हुँदा कार्यालयले कानुन अनुसारको खरिद विधिको पालना गनुपर्ने देखिन्छ ।

| भौ.नं मिति | बिबरण | खरिद मिति | खरिद रकम | आपुर्तक |
|---|---|---|---|---|
| ६५-०७४/१२/१४ | कार्यालय सामन | ०७४/१२/२ | ८१०१७१ | खुस्बु प्रिन्टीङ प्रेस |
| १६३-०७५/२/११ | मेसिनरी औजार | २०७५/१/५ | २४९२७८ | रौनक सप्लायर्स मलँगबा |
| १६६-०७५/२/११ | फर्निचर फिक्सचर्स | २०७५/१/२४ | ४३०७५६ | मनिसा कम्प्युटर्स मलँगबा |
| १७७-०७५/२/१७ | कार्यालय सामान | २०७५/१०/८ | ११२७५१ | मुस्कान सप्लायर्स बत्रौल |
| १८९-०७५/२/२७ | फर्निचर | २०७४/१२/१२ | ४९०४७६ | आर एस फर्निचर मलँगबा |
| १९३-०७५/२/२७ | मेसिनरी औजार | २०७५/२/१५ | ४६५५३ | शुसान ई मलँगबा |
| १९६-०७५/२/३० | कार्यालय सँचालन | २०७५/१/१५ | ९७८५८ | मिथिला टेडर्स |
| १९७-०७५/३/३० | कार्यालय सँचालन | २०७५/१/१५ | ३५९४० | एस के ईन्टरप्राईजेज |
| | | | २२७३७८३/- | |

५०.१. **बित्तिय समानिकरण चालुबाट सोझै खरिद**

| भौ.न. | सप्लायर्स | बिवरण | फिक्चर्स | रकम |
|---|---|---|---|---|
| ६/०७४/७/२२ | अर्चना कन्ट्रकसन एण्ड ट्रेडर्स मलंगवा | फनिर्चर | खरिद | ४९९०६७.०० |
| ७/०७४/७/२२ | राम जानकी इन्टरप्राइजेज मलंगवा | फनिर्चर | खरिद | ४९६७७६.०० |
| ९/०७४/७/२२ | सृजना सप्लायर्स मलंगवा | फनिर्चर | खरिद | ४९७९३४.०० |
| | | | जम्मा | १४९३७७७/- |

५१. **माटो ग्राभेल खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले सम्झौता वमोजिम काम सम्पन्न गरी भुक्तानीको लागि पेश गर्दा प्राविधिक मूल्यांकन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात उपभोक्ता समितिको बैठकबाट अनुमोदन गरी सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यो वर्ष भएको पूँजीगत खर्च रु १४ करोड ३४ मध्ये ५० .प्रतिशतभन्दा बढी उपभोक्ता समितिमार्फत माटो पटान एवं ग्राभेल सडक निर्माणमा खर्च भएको छ । उक्त निर्माणको भुक्तानी गर्दा लागत अनुमान, नापी किताव र कार्यसम्पन्न प्रतिवेदनको साथमा पेश भएका बिल भरपाइ परीक्षण गर्दा माटो तथा ग्राभेल खरिदको विल प्यान, भ्याटमा दर्ता भएको नभई सेतो कागज मा यति ट्याक्टर माटो ग्राभेल उपलव्ध गराए वापत यति रकम बुझिलिएं उल्लेख भरपाई सँलग्न हुने गरेको देखियो । यसरी माटो तथा ग्राभेल खरिदको भरपाई सँलग्न एकमुष्ठ रकम सँलग्न गर्ने गर्दा ढुबानी बापतको रकम समेत छुट्टै नगर्नाले ढुबानी कर समेत यकिन गर्न सक्ने अबस्था छैन । उपभोक्ताले सो वापतको रकम भुक्तानी गर्दा चेक मार्फत गर्ने गरेको देखिदैन । यस्तो अवस्थामा निर्माण सामाग्री खरिदमा नियन्त्रण भएको भन्न सक्ने आधार भएन । अतः आधिकारिक सप्लायर्सबाट विजक मार्फत निर्माण सामाग्री खरिद गर्ने , ढुबानी रकम छुट्याई भाडा कर कट्टि गर्ने र चेक मार्फत भुक्तानी गर्ने परिपाटी बसाली खर्चमा नियन्त्रण गर्नुपर्दछ । उपभोक्त समितिबाट पेश भएका माटो ,ग्राभेल तथा बालुका खरिदका केही भरपाईहरु देहाय अनुसार रहेका छन।

| भौ.नं मिति | योजनाको नाम | खरिद बिबरण | परिमाण (टिप) | खरिद दर |
|---|---|---|---|---|
| १/०७४/११/१६ | हनुमान ज्योती युबा क्लब निर्माण | माटो | ११७ | ६०० |
| | | ग्राभेल | ५४ | ४००० |
| १०१-०७५/१/१२ | बाँध देखी सडक मोडमा ग्राभेल निर्माण | एकमुष्ट माटो ग्राभेलको भरपाई सँलग्न | | ५०९००० |
| ११८-०७५/१/२४ | साबिक खैर्बा मनोज यादबको घरदेखी महेन्द्र दाशको | ग्राभेल | ४५ | ५००० |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | घरसम्म ग्राभेल | माटो | १०० | ५०० |
| १४४-०७५/२/४ | शशिनाथ झा को घरदेखी प्रदिप झाको घरसम्म ग्राभेल | ग्राभेल | ८५ | ६००० |
| १९१-००७५/२/२४ | खैर्बा महेन्द्र दाशको घरदेखी मनोज गाईडको घरसम्म सडक मर्मत | माटो | १०० | ५०० |
| | | ग्राभेल | ५० | ५००० |
| २०८-०७५/२/२० | बालकेशर दासको घरदेखी शँकर शाहको घरसम्म सडक मर्मत | माटो | ८० | ६०० |
| | | ग्राभेल | ६८ | ६००० |
| २८७-०७५/३/३२८ | माटो पुर्ने कार्य महारानी स्थान | माटो | २१४५ | ६०० |

५२. **अधुरो योजनाहरुको निर्माण तथा कार्यसम्पन्न :-** गाँउपालिकाले निर्माण कार्य गर्दा परिमाण, लागत लगायतको कुरा बिष्लेशण गरि खर्च लेख्नुपर्दछ। गाँउपालिकाले यस बर्ष धेरै सँरचनाहरुको अधुरो निर्माण कार्य उल्लेख गरि पुरा गरेको छ । अधुरा योजनाहरु पुरा गर्दा उक्त सँरचना पहिले कुन निकायबाट गरिएको र कति परिमाण गरिएको थियो ,निर्माण कार्य सुरु गर्नुभन्दा अघि सो निकायबाट कार्य गरेको हालसम्मको कार्यसम्पन्न , नापी किताब लगायतका बिबरणहरु सँलग्न गर्नुपर्दछ ।सो प्रमाण सँलग्न नगरि कार्य गर्दा पहिले गरिएका कार्यहरु पनि दोहोरीन सक्ने लगायतको जोखिम हुने भएकोले सो को अघिल्लो कार्यसम्पन्न गरेर मात्र खर्च लेख्नुपर्दछ । लेखापरीक्षणका क्रममा उक्त कार्यहरुको अघिल्लो निकायबाट गरिएको नापी तथा कार्यसम्पन्न मुल्याँकनहरु सँलग्न नगरि अधुरो उल्लेख गरि उपभोक्ता समितिसँग सम्झौता गरि भुक्तानी गरेको पाईयो । जसबाट नापी किताबमा समाबेश भएका आईटमहरु गत बिगतबर्ष हरुमा अन्यत्र निकायबाट सम्पन्न गरिएको कार्यहरु समेत यस आ.ब मा सम्झौता भई भुक्तानी हुँदा दोहोरो परेको छैन भनि बिश्बत हुने सकिने आधार भएन । अधुरो निर्माण कार्य गर्दा ओभरल्याप नभएको भनि विश्बस्त बनाउने प्रमाणकागजात सँलग्न गरेर मात्र लागत अनुमान , सम्झौता तथा कार्य गर्नु गराउनुपर्दछ। गाँउपालिकाले यसबर्ष सँचालन गरेका अधुरा योजना अन्तर्गतका केही उदाहरणहरु

| योजनाको नाम | बडा नं | लागत अनुमान | यसबर्षको मुल्याँकन | भुक्तानी रकम |
|---|---|---|---|---|
| अधुरो धर्मशाला निर्माण | ७ | ४४७६५४ | २१४७४२ | १९६२६९ |
| अधुरो बडा कार्यालय भवन निर्माण | ५ | १३०२८८९.४३ | ३४९१५६ | ३०९९८६ |
| अधुरो धर्मशाला निर्माण | ६ | ७२१४५३ | ३७०५८७ | ३६६४३२ |

५३. **श्रोतसाधनको सदुपयोग:- ६१**।०७४।१२।१४आर्थिक कार्यबिधि नियमावली तथा सार्बजनिक खरिद नियमाबली बमोजिम खर्च गरेको श्रोतसाधनको सदुपयोग हुनेगरि प्रयोग गर्नुपर्दछ । गाँउपालिकाले कार्यलयको लागी हाजिरी व्यबस्थापन तथा मोबाईल एप र ग्रुप एस.एम एस कार्यको लागीउल्लेख गरि सिटिजन ईन्फोटेकबाट रु ४९७२०० मा सेबा खरिदको भुक्तानी गरेकोमा लेखापरीक्षण्का बखत हाजिरी मेसिन तथा मोबाईल एप र ग्रुप एसएमएस संचालन नभएको पाईयो। श्रोतसाधनको खर्चअनुसार प्रभाबकारी प्रयोगमा ध्यान दिनुपर्दछ।

५४. **न्यून बजेटका योजना छनौट :** आर्थिक वर्ष २०७४।७५ मा बसेको गाँउसभाको बैठकले बजेट कार्यक्रम स्वीकृत गर्दा आर्थिक वर्षभित्र कार्यान्वयन हुनसक्ने र आयोजना कार्यान्वयनबाट उच्च प्रतिफल प्राप्त हुने किसिमले आयोजना छनौट गर्नुपर्नेमा भौतिक पुर्बाधारतर्फ गाँउपालिकाले १२१ बटा योजना छनौट गरेकोमा ८० प्रतिशतभन्दा बढि योजजा १० लाख मुनिका बजेट छर्ने किसिमले अत्याधिक धेरै योजना बनाई छनोट गरेको देखियो । छनोट गरिएका योजनामध्ये ५० प्रतिशतभन्दा माथीका योजना माटो पुर्ने तथा ग्राभोलको कार्य अन्तर्गत रहेको छ । यसरी साना आयोजना छनौट गर्ने र प्रत्येक वर्ष एउटै आयोजनालाई थोरै थोरै बजेट दिनेगरी आयोजना छनौट गर्ने गर्दा अधिकांस आयोजना पूर्णरुपमा सम्पन्न नहुने, सम्पन्न भएका आयोजना समेत प्रतिफलविहीन हुने देखिदा साना आयोजना छनौट गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

५५. **यस आ.ब (२०७४।०७५) को योजना कार्यान्वयन स्थिति:-** स्थानिय प्रशासन सञ्चालन ऐन २०७४ अनुसार स्थानिय निकायले समयमै योजना सम्झौता गरि सम्पन्न गर्नुपर्दछ। गाउपालिकाले यस आ.ब अन्तर्गत योजना छनौट गरि समयमै सम्झौता तथा सम्पन्न गर्नुपर्नेमा अधिकाँश भुक्तानी गतबर्षकै योजनाहरुको भएकोले यसबर्षको अधिकाँश योजना सँचालन तथा भुक्तानी भएको देखिएन । मिति २०७४।११।१६ को बिशेष गाँउसभाबाट पारित भएका योजनाहरुको सँचालन तथा भुक्तानी यसबर्ष अत्यन्त न्युन रहेको पाईयो । आ.ब २०७४।०७५ मा ४२ योजनाको रनिङ बिल भुक्तानी नभएको पाईयो । यसरी

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>बिगत बर्षको योजनाहरुको भुक्तानी गर्ने तथा सम्बन्धीत आ.ब को सँचालीत हुने योजनाको भुक्तानी अर्को बर्ष गर्ने परिपाटि अन्त्य हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५६.</td><td>२७०/०७५-३-२९ कार्यालयले कार्यक्रम सँचालन बापत रु ८,००,०००/ खर्च लेखेकोमा निम्न व्यहोरा देखियो ।<br>१) आर्थिक कार्यबिधि नियमावली, २०६४ ३६(३) अनुसार बिल भरपाई प्राप्त गरेर मात्र खर्च लेख्नु पर्नेमा कार्यालयले भुक्तानी दिदाँ चाँदनी व्याग उद्योग (६०५६७४१४९) बाट स्कूल ब्याग स्टाफ २२ थान रु ३७२९०/ तथा स्कुल ब्याग स्पेशल ३८० थानको रु ३,१७,५३०/ खर्च भुक्तानी लिएकोमा स्टाफ ब्याग तथा स्कूल ब्याग वितरणको भरपाई पेश गर्नु पर्ने</td><td>३,५४,८२०/-</td></tr>
<tr><td>५७.</td><td>२)संस्थाले कापि छपाँई तथा डटपेन डायरी समाग्री समेत रु १०९८७५/ को खरिद गरेकोमा सो समान तालिमा खर्च भए नभएको अनुगमन प्रतिवेदन प्राप्त गर्नु पर्ने ।</td><td>१०९८७५/-</td></tr>
<tr><td>५८.</td><td>(२७४/०७५-३-२८) आर्थिक कार्यबिधि नियमावली, २०६४ ३६(३) अनुसार बिल भरपाई प्राप्त गरेर मात्र खर्च लेख्नु पर्नेमा कार्यालयले जनज्योती यूवा समाजको अगुवाईमा रामनगर गाउँपालिका वडा नं. १ र २ मा प्राथमिक विद्यालयहरुमा अध्ययनरत छात्र छात्रालाई पोशाक वितरण मिति २०७५-३-२० र २१ मा गरेकोमा छात्र छात्रालाई पोशाक वितरणको भरपाई नभएकोले बितरणको प्रमाण पेश गर्नु पर्ने ।
<table>
<tr><th>वितरण स्थान</th><th>छात्र</th><th>छात्रा</th><th>रकम</th></tr>
<tr><td>रामनारायण सा.प्रा.वि</td><td>८९</td><td>११०</td><td rowspan="2">३७५०००.००</td></tr>
<tr><td>प्राथमिकि खैवा</td><td>६१</td><td>८९</td></tr>
</table></td><td>३,७५,०००/</td></tr>
<tr><td>५९.</td><td>२७४/०७५-९-२८आर्थिक कार्यबिधि नियमावली, २०६४ ३६(३) अनुसार बिल भरपाई प्राप्त गरेर मात्र खर्च लेख्नु पर्नेमा कार्यालयले नेपाल ग्रामिण सेवा संजाललाई रु ६,००,०००/ कार्यक्रम संचालन गरि रु ६,००,०००/ भुक्तानी दिएकोमासंस्थाले कम्बल, झोला,साडी खरिद गरि भुक्तानी लिएकोमा सो खरिद समाग्री वितरण भएको प्रमाण तथा अनुगमन प्रतिवेदन पेश गर्नु पर्ने रु
<table>
<tr><th>विवरण</th><th>संख्या</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>झोला</td><td>१८२</td><td>३२५००.००</td></tr>
<tr><td>कम्बल</td><td>५० थान</td><td>१९५३७७.००</td></tr>
<tr><td>साडी</td><td>७५ थान</td><td>६७५००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२,९५,३७७.००</td></tr>
</table></td><td>२९५३७७/-</td></tr>
<tr><td>५९.१.</td><td>संस्थाले बलरा नगरपालिकालामा पेश गरेको कागजात संलग्न गरि रामनगर नगरपालिकाले भुक्तानी द्रिएकोमा सो एकिन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>बित्तिय समानिकरण चालु</td><td></td></tr>
<tr><td>६०.</td><td>औषधी खरिद तथा व्यवस्थापन : सार्वजनिक निकायले खरिद कार्य प्रतिश्पर्धी र मितव्ययी हुनगरी खरिद गर्नुपर्दछ । गाँउपालिकाले यस वर्ष एकिकृत स्वास्थ्य शसर्त अनुदानबाट प्राप्त रु.८ लाख ८२ हजार तथा आयुर्वेद तर्फ रु २२०,००। निशुल्क वितरण गर्ने औषधीहरु खरिद गरेको छ । स्वास्थ्य संस्थाहरुमा रहेको मौज्दात तथा खपतका आधारमा औषधीका माग संकलन गरी औषधीको नाम तथा परिमाण खुलाई तीनवटा फर्मबाट मूल्य लिई सो मूल्यको औषत दरमा गतविगतको खरिद समेतलाई आधारलिई औषधीको परिमाण तथा लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद कार्य गर्नुपर्नेमा तीनवटा फर्मबाट दर माग गरी न्यूनदर पेश गर्नेबाट औषधी खरिद गरेका देखियो । आइरन, क्याल्सियम जस्ता बिभागबाट प्राप्त हुने सामान्य प्रकृतिका औषधी समेत खरिद गरी बितरण गरेको छ । खरिद कार्यलाई यथार्थ, प्रभावकारी एवं मितव्ययी बनाई प्रतिश्पर्धाको माध्यम अपनाई खरिद गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | गाउँपालिकाले वितरण कक्षबाट खपत भएको औषधी भेरिफिकेशन गर्ने पद्धती अवलम्बन गरेको छैन । उक्त औषधिहरुको वितरण प्रक्रिया प्रभावकारी भए नभएको, औषधीको पर्याप्तता अवस्था, औषधीको पहुँच एवं पारदर्शिता सम्बन्धमा गाँउपालिकाले ध्यान पुग्न सकेको देखिएन । गत वर्षको मौज्दात, आम्दानी, खर्च तथा म्याद समाप्त भएका औषधीहरुको विवरण समेत तयार गर्ने गरेको छैन । प्रतिश्पर्धाका माध्यमबाट औषधी खरिद गरी वितरण प्रणालीमा सुधार गर्नुपर्दछ । | |
